
# फलेवास नगर शिक्षा योजना

## Phalewas Municipal Education Plan

(२०८३/२०८४– २०९३/२०९४)









फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

# हाम्रो भनाइ

शिक्षा जीवनमा ज्ञान आर्जन गर्ने प्रक्रिया मात्र नभई राष्ट्रिय विकासका लागि आवश्यक पर्ने जनशक्ति तयार गर्ने महत्त्वपूर्ण आधार हो । शिक्षा देशको मेरुदण्ड हो । कुनै पनि देशको विकास कस्तो छ भन्नुको पछाडि त्यो देशको शिक्षा प्रणाली र प्रक्रिया कस्तो रहेको छ भन्नु रहन्छ । तसर्थ देश विकासको लागि योजनाबद्ध ढङ्गले शिक्षा विकासका कार्यहरू गर्नु आवश्यक हुन्छ । शिक्षाले देशको समग्र योजना निर्माण गर्न, आर्थिक वृद्धिदर बढाउन, पुँजी निर्माण गर्न, गरिबी तथा असमानता घटाउन, जनसंख्या वृद्धि नियन्त्रण गर्न, आथिक विकास गर्न, र परम्परागत मुल्य मान्यताको जगेर्ना गर्दै आवश्यक परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले मुलुकको विकास र समृद्धिका लागि आवश्यक पर्ने चरित्रवान्, सिर्जनशील, दक्ष र उत्पादनशील नागरिक तयार गर्दछ ।

समाज एक बृहत् प्रणाली हो भने शिक्षा उक्त प्रणाली भित्रको एक उपप्रणाली हो । शिक्षा समाजको विकास र परिवर्तनका लागि दिने लिने गरिन्छ भने यसको व्यवस्था समाजले गर्छ । एउटा बृहत् समाजमा धेरै प्रणाली हुन्छन् जस्तै धार्मिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय संरचना आदि । यी मध्ये शिक्षा एक प्रमुख उपप्रणाली हो जसले समाजका सबै प्रणालीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । त्यस्तै शिक्षा समाजका हरेक क्रियाकलापमा निर्णयक भूमिका खेल्न प्रयोग गरिन्छ । शिक्षा लगानी र उपभोग हो । शिक्षा लिनुको अर्थ गुणस्तरीय जीवनको लागि हो । शिक्षा एउटा औजार हो जसले गुणस्तरीय जीवन बनाउन सहयोग गर्छ । त्यसैले यसलाई आधारभूत आवश्यकतामा राख्ने गरिन्छ ।

शिक्षा मानव जीवनको आधारभूत आवश्यकता मात्र नभई प्रत्येक नागरिकको मौलिक अधिकारका रूपमा स्थापित भएको छ । शिक्षाले व्यक्तिको बौद्धिक, सामाजिक र नैतिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । लोकतान्त्रिक मूल्य–मान्यता र सामाजिक न्यायमा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षाको योगदान अत्यन्त महत्त्वपूर्ण मानिन्छ । शिक्षाले व्यक्तिको आचरण, सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँदै उसलाई समाजमा जिम्मेवार नागरिकका रूपमा स्थापित गर्न मद्दत गर्दछ । यसरी शिक्षा समाजीकरणको प्रमुख माध्यमका रूपमा राष्ट्र निर्माणको आधारशिला बन्न पुग्छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ । संविधानअनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरिएको छ । साथै माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन, व्यवस्थापन, रेखदेख तथा नियमन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ । स्थानीय तह जनतासँग सबैभन्दा नजिकको सरकार भएकाले जनताको आवश्यकता र अपेक्षाअनुसार शिक्षा प्रणालीलाई सुधार गर्दै सर्वसुलभ, गुणस्तरीय र जीवनोपयोगी शिक्षा उपलब्ध गराउनु यसको महत्त्वपूर्ण दायित्व हो । सबै नागरिकका लागि शिक्षा सहज, सुलभ र पहुँचयोग्य हुनु आवश्यक छ । साथै शिक्षाको निरन्तरता, गुणस्तर र जीवनोपयोगितालाई सुनिश्चित गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, प्रतिस्पर्धी तथा गुणस्तरीय बनाउन आजको आवश्यकता हो । शिक्षाले केवल ज्ञान प्रदान गर्ने मात्र होइन, जीवनोपयोगी सिप, मूल्य र व्यवहार विकास गर्न पनि सहयोग पुऱ्याउनुपर्छ ।

फलेवास नगरपालिकामा शिक्षा क्षेत्रमा पहुँच, भर्ना, सिकाइ–सिकाउने प्रक्रियाको सुनिश्चितता, गुणस्तर सुधार, सुशासन र प्रभावकारी व्यवस्थापनमा विशेष ध्यान दिइएको छ । यी पक्षहरूलाई मध्यनजर गर्दै प्रत्येक आर्थिक वर्षमा शिक्षा क्षेत्रमा स्थानीय तहबाट लगानी बढाउँदै लगिएको छ । साथै औपचारिक तथा अनौपचारिक शिक्षाको विकास, विद्यालय शिक्षाको सुदृढीकरण र शैक्षिक वातावरण सुधारमा विशेष जोड दिइएको छ ।

विशेष गरी सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नु, विद्यालयमा समुदायको सक्रिय सहभागिता बढाउनु तथा विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउनु आजको प्रमुख आवश्यकता हो ।अर्कोतर्फ अल्पसंख्यक, विपन्न तथा विशेष आवश्यकता भएका बालबालिकालाई विद्यालयमा ल्याउने र उनीहरूको सिकाइ सुनिश्चित गर्ने चुनौती पनि रहेको छ । यसका साथै पोषण, स्वास्थ्य, जीवनपर्यन्त सिकाइ, सूचना तथा प्रविधिसँग विद्यार्थी, शिक्षक र अभिभावकलाई जोड्नु पनि उत्तिकै आवश्यक देखिन्छ । समाजमा देखा पर्ने विकृति र विसङ्गतिहरूलाई शिक्षामार्फत सुधार गर्दै सकारात्मक सामाजिक परिवर्तन ल्याउनु पनि शिक्षा क्षेत्रको महत्त्वपूर्ण दायित्व हो ।

नगरपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्यनजर गर्दै आगामी पाँच वर्षभित्र विद्यालय शिक्षामा व्यापक सुधार ल्याई नगरपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ । यही उद्देश्यलाई ध्यानमा राख्दै फलेवास नगरपालिकाले आधुनिक समाज निर्माण, विद्यालय विकास र गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यसहित पाँच वर्षीय शैक्षिक योजना तयार गरेको छ ।

यस योजनाले शिक्षा क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरू समाधान गर्दै समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्रणालीको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ । साथै यस योजनाले शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सरोकारवालाबीच सहकार्य र समन्वय बढाउँदै समग्र शैक्षिक सुधारको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्दछ। विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम ढाँचा, दिगो विकास लक्ष्य (SDG–4) तथा प्रदेश/स्थानीय नीतिसँग सामञ्जस्य कायम गर्दै योजना तयार गरिएको छ।

यस योजना विकास तथा कार्यान्यनमा नगर प्रमुख **गंगाधर तिवारी**, नगर उपप्रमुख **शोभा कुमारी क्षेत्री**, प्रमुख प्रशासकीय अधिकृत **भोला प्रसाद चापागाईं** , सामाजिक बिकास समिति संयोजक नारायण प्रसाद लामिछाने, वडा अध्यक्षहरू क्रमश चोलाकान्त पाध्या, गंगा नारायण श्रेष्ठ, अर्जुन बहादुर कार्की, अच्युत तिवारी, नारायण प्रसाद लामिछाने, नविन कुमार श्रेष्ठ, केशर पन्त, मन बहादुर कुँवर, हितमान गुरुङ, अमर बहादुर क्षेत्री र रुद्र बहादुर पाठक, कार्यपालिका सदस्यहरू दुर्गा कुमारी शर्मा, भगवती पौडेल, सावित्रा कुमारी शर्मा, सुनिता शर्मा, कला नेपाली, नेत्र बहादुर बि.क., चन्द्र बहादुर नेपाली र बाबुराम विश्वकर्माको विशेष योगदान रहेको छ ।भाषा सम्पादनमा सहयोग पुऱ्याउनु हुने *कल्पना शर्मा सुबेदी*प्रति पनि हार्दिक आभार व्यक्त गर्दछौं।

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**नगर शिक्षा योजना निर्माण उपसमिति**

# फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

पत्र संख्या : (Letter No.)
चलानी नं. : (Dispatch No.) :

## शुभकामना मन्तव्य

शिक्षा व्यक्ति, समाज र राष्ट्रको रूपान्तरण गर्ने सबैभन्दा प्रभावकारी माध्यम हो । त्यसैले प्रत्येक नागरिकलाई गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउनु स्थानीय सरकारको प्रमुख दायित्व हो । शिक्षा क्षेत्रको समग्र विकासका लागि स्पष्ट शिक्षा नीति निर्माण, आवश्यक लगानी वृद्धि, शैक्षिक सुधारका कार्यक्रमको छनोट तथा प्रभावकारी कार्यान्वयन अत्यन्त आवश्यक हुन्छ । साथै राष्ट्रिय शिक्षा लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य अपरिहार्य हुन्छ । स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएकाले जनजीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित आधारभूत आवश्यकताहरू पूरा गर्ने महत्त्वपूर्ण जिम्मेवारी यसको काँधमा रहेको हुन्छ । शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, खानेपानी, रोजगारी तथा सामाजिक विकासजस्ता विषयहरूमा स्थानीय सरकार र जनताको सम्बन्ध अत्यन्त निकट रहन्छ । विशेष गरी जनजीविका, अवसर सिर्जना र समग्र जीवनस्तर उकास्ने कार्यमा स्थानीय तहको सक्रिय भूमिका अपरिहार्य हुन्छ ।

फलेवास नगरपालिकाले नगर क्षेत्रभित्रको शिक्षा प्रणालीलाई थप व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्यले पाँच वर्षे नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस योजनामार्फत नगरभित्रको शैक्षिक वातावरण सुधार गर्दै शिक्षा क्षेत्रलाई विकासको प्रमुख आधारका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ । योजनाले विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय सुधारका साथै शिक्षक क्षमता विकास, प्रविधिमैत्री शिक्षण, समावेशी शिक्षा र समुदायको सहभागिता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।

यस योजना निर्माण कार्यमा विभिन्न व्यक्तिहरूको महत्त्वपूर्ण योगदान रहेको छ । सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । योजना नीति तथा कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन गर्ने महत्त्वपूर्ण दस्तावेज भएकाले यसमा उल्लेखित लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरू महत्वाकांक्षी देखिन सक्छन् । सम्भवतः केही पक्षहरू छुटेका वा दोहोरिएका पनि हुन सक्छन् । यद्यपि योजना निर्माण टोलीले यस्ता विषयहरूमा सकेसम्म ध्यान पुऱ्याएको विश्वास लिएको छु । आगामी दिनहरूमा प्राप्त हुने सुझाव र अनुभवका आधारमा योजनालाई अझ परिष्कृत र प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस पाँच वर्षे नगर शिक्षा योजना सफल कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जनप्रतिनिधि, शिक्षक, अभिभावक र सम्पूर्ण समुदायको सक्रिय सहयोग र सहकार्य आवश्यक रहने अपेक्षा गरिएको छ ।

अन्त्यमा, नगर शिक्षा योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग, सुझाव तथा प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण नगरवासी, शिक्षाकर्मी, सरोकारवाला संस्था तथा महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

गंगाधर तिवारी
नगर प्रमुख
फलेवास नगरपालिका

# फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

**पत्र संख्या :** (Letter No.)
**चलानी नं. :** (Dispatch No.) :

## शुभकामना मन्तव्य

शिक्षा समतामूलक, सभ्य र समृद्ध समाज निर्माणको आधारशिला हो । हरेक बालबालिकाले आफ्नो क्षमता विकास गर्ने अवसर प्राप्त गर्न सकून् भन्ने उद्देश्यले गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षाको सुनिश्चितता आजको आवश्यकता बनेको छ । शिक्षाले व्यक्तिलाई ज्ञान, सिप र सकारात्मक सोच प्रदान गर्दै आत्मनिर्भर नागरिकका रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ । त्यसैले शिक्षामा लगानी गर्नु भनेको उज्ज्वल भविष्य निर्माणमा लगानी गर्नु हो ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको तह भएकाले शिक्षाको विकास र सुधारमा यसको भूमिका विशेष महत्त्वको हुन्छ । विद्यालय शिक्षालाई प्रभावकारी, बालमैत्री तथा जीवनोपयोगी बनाउन स्थानीय तहले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विशेष गरी बालबालिका, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य पिछडिएका समुदायका नागरिकहरूलाई शिक्षाको मूल प्रवाहमा समेट्दै समान अवसरको सुनिश्चितता गर्नु हाम्रो साझा दायित्व हो ।

फलेवास नगरपालिकाले नगरभित्रको शैक्षिक अवस्था, आवश्यकता र सम्भावनाहरूको अध्ययन गरी आगामी पाँच वर्षका लागि नगर शिक्षा योजना तयार गरेको छ । यस योजनाले शैक्षिक पहुँच विस्तार, सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षकहरूको पेशागत क्षमता विकास, सूचना प्रविधिको प्रयोग, विद्यालय व्यवस्थापन सुदृढीकरण तथा समावेशी शिक्षाको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छ । यस योजनाले शिक्षा क्षेत्रका चुनौतीहरूलाई सम्बोधन गर्दै नगरको समग्र विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

योजना निर्माणका क्रममा विभिन्न चरणमा अमूल्य सुझाव, सहयोग तथा सहभागिता जनाउनुहुने जनप्रतिनिधि, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, सरोकारवाला संस्था तथा सम्पूर्ण नगरवासीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यहाँ समेटिएका लक्ष्य, रणनीति तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै पक्षको निरन्तर सहयोग र सहकार्य आवश्यक रहनेछ ।

अन्त्यमा, यस पाँच वर्षे नगर शिक्षा योजनाले फलेवास नगरपालिकाको शिक्षा क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउँदै गुणस्तरीय, समावेशी र दिगो शैक्षिक विकासको मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गर्दै योजना सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूलाई सक्रिय सहभागिताका लागि हार्दिक आग्रह गर्दछु ।

**शोभा कुमारी क्षेत्री**
**नगर उपप्रमुख**
**फलेवास नगरपालिका**

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

**पत्र सख्या :** (Letter No.)
**चलानी नं. :** (Dispatch No.) :

## शुभकामना मन्तव्य

फलेवास नगरपालिकाले शिक्षालाई नगर विकासको प्रमुख आधारका रूपमा ग्रहण गर्दै नगर क्षेत्रभित्रका सम्पूर्ण बालबालिकालाई गुणस्तरीय, समावेशी, न्यायपूर्ण तथा पहुँचयोग्य शिक्षा प्रदान गर्ने लक्ष्य लिएको छ। नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षकको पेशागत विकास, सूचना तथा सञ्चार प्रविधिको उपयोग, विद्यालय व्यवस्थापनको सुदृढीकरण तथा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउन विभिन्न प्रयासहरू हुँदै आएका छन्। यिनै प्रयासहरूलाई थप व्यवस्थित, योजनाबद्ध तथा प्रभावकारी बनाउन शिक्षा योजनाको आवश्यकता महसुस गरिएको हो।

प्रस्तुत पञ्चवर्षीय शिक्षा योजना नगरपालिकाको शैक्षिक विकासका लागि मार्गदर्शक दस्तावेजका रूपमा तयार गरिएको छ। यस योजनाले नगर क्षेत्रको वर्तमान शैक्षिक अवस्थाको विश्लेषण गर्दै आगामी दिनमा हासिल गर्नुपर्ने लक्ष्य, उद्देश्य, रणनीति तथा कार्ययोजनाहरू स्पष्ट रूपमा प्रस्तुत गरेको छ। योजना निर्माणका क्रममा स्थानीय आवश्यकता, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारका प्राथमिकता तथा सरोकारवालाहरूका सुझावलाई समेट्ने प्रयास गरिएको छ।

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक पहुँच तथा समताको विस्तार, विद्यालय छोड्ने दरमा कमी, प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणको विकास, सिप तथा रोजगारमुखी शिक्षाको प्रवर्द्धन तथा समग्र शैक्षिक सुशासनमा सुधार आउने विश्वास लिएको छु। साथै, नगरपालिकाभित्रका सबै विद्यालयहरूलाई सिकाइ केन्द्रित, बालमैत्री, समावेशी तथा उत्कृष्ट शैक्षिक संस्थाका रूपमा विकास गर्न यस योजनाले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

शिक्षा क्षेत्रको विकास केवल स्थानीय सरकारको प्रयासबाट मात्र सम्भव हुँदैन। यसका लागि संघीय सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाहरूबीच सहकार्य, समन्वय र साझेदारी आवश्यक पर्दछ। सबै पक्षको सक्रिय सहभागिता र प्रतिबद्धताबाट मात्र योजनाका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सकिन्छ।

अन्त्यमा, फलेवास नगरपालिकाको समग्र शैक्षिक विकास, गुणस्तरीय मानव संसाधन उत्पादन तथा समृद्ध नगर निर्माणको अभियानमा यो पाँचवर्षीय शिक्षा योजना महत्त्वपूर्ण कोशेढुंगा सावित हुने विश्वास व्यक्त गर्दछु। यस योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण व्यक्ति, संस्था तथा सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यसको सफल कार्यान्वयनका लागि सबैको निरन्तर सहयोग र साथको अपेक्षा गर्दछु।

**भोला प्रसाद चापागाईं**
**प्रमुख प्रशासकीय अधिकृत**
**फलेवास नगरपालिका**

## नगर शिक्षा योजना निर्माण उपसमिति

| | |
|---|---|
| कृष्ण प्रसाद आर्चाय | – संयोजक |
| अर्जुन कुमार रेग्मी | – सदस्य |
| लाल प्रसाद शर्मा | – सदस्य |
| इन्दिरा तिवारी | – सदस्य |
| मुना शर्मा पौडेल | – सदस्य सचिव |

## नगर शिक्षा योजना लेखाजोखा समिति

| | |
|---|---|
| भोला प्रसाद चापागाईं | – संयोजक |
| नारायण प्रसाद लामिछाने | – सदस्य |
| गोविन्द शर्मा | – सदस्य |
| गीता देवी शर्मा सुवेदी | – सदस्य |
| मुना शर्मा पौडेल | – सदस्य सचिव |

067-430102, 103, 104 phalewashnagarpalika@gmail.com

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको समग्र शिक्षा प्रणालीलाई व्यवस्थित, समावेशी, गुणस्तरीय र दिगो बनाउने लक्ष्यसहित तयार गरिएको एक दीर्घकालीन तथा रणनीतिक मार्गदर्शक दस्तावेज हो। यसले प्रारम्भिक बालविकासदेखि आधारभूत, माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका सम्पूर्ण शैक्षिक कार्यक्रमहरूलाई एकीकृत रूपमा समेट्दै स्थानीय आवश्यकता, सम्भावना र सन्दर्भअनुसार शिक्षा क्षेत्रको विकासका लागि स्पष्ट दिशा प्रदान गर्दछ। यस योजना स्थानीय सरकारको नीति, कार्यक्रम र स्रोत व्यवस्थापनसँग प्रत्यक्ष रूपमा जोडिएको हुँदा शिक्षा क्षेत्रको समग्र सुधार र रूपान्तरणमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ।

यस योजनाका प्रमुख उद्देश्यहरूमा सबै बालबालिका तथा नागरिकलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु, समावेशिता र समताको प्रवर्द्धन गर्नु, सिकाइ उपलब्धिमा गुणात्मक सुधार ल्याउनु, शिक्षक तथा शैक्षिक जनशक्तिको पेशागत क्षमता अभिवृद्धि गर्नु, विद्यालय शासन र व्यवस्थापन प्रणालीलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउनु, सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाउनु तथा सुरक्षित, बालमैत्री र प्रेरणादायी सिकाइ वातावरण निर्माण गर्नु रहेका छन्। यसका साथै, शिक्षा प्रणालीलाई समयानुकूल, जीवनोपयोगी र रोजगारीमुखी बनाउनेतर्फ पनि विशेष ध्यान दिइएको छ।

योजना निर्माण प्रक्रियामा *तथ्यमा आधारित योजना* (Evidence-based planning) लाई प्राथमिकता दिँदै विस्तृत तथ्याङ्क विश्लेषण, विद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्थाको अध्ययन, शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षा विज्ञ तथा अन्य सरोकारवालासँगको व्यापक परामर्श र अन्तरक्रियालाई समेटिएको छ। यस प्रक्रियाले स्थानीय तहका वास्तविक समस्या, चुनौती र अवसरहरूको पहिचान गरी तिनको समाधानका लागि उपयुक्त रणनीति तय गर्न सहयोग पुर्‍याएको छ।

यस योजनाले विद्यालय भर्ना दर वृद्धि, विद्यार्थीको नियमित उपस्थिति र निरन्तरता सुनिश्चित गर्ने, ड्रपआउट दर घटाउने, सिकाइमा पछाडि परेका विद्यार्थीलाई सहयोग गर्ने, तथा बालिका, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र अन्य सीमान्तकृत समुदायका लागि लक्षित तथा विशेष कार्यक्रम सञ्चालन गर्ने विषयलाई उच्च प्राथमिकता दिएको छ। साथै, गैर–औपचारिक, खुला तथा वैकल्पिक शिक्षाका माध्यमबाट शिक्षा पहुँचबाट वञ्चित समूहलाई पनि समेट्ने प्रयास गरिएको छ।

कार्यान्वयन पक्षलाई प्रभावकारी र परिणाममुखी बनाउन योजनामा स्पष्ट लक्ष्य, मापनयोग्य सूचकहरू, चरणबद्ध वार्षिक कार्ययोजना, जिम्मेवारीको स्पष्ट बाँडफाँड, स्रोत व्यवस्थापनको यथार्थपरक योजना तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणाली समावेश गरिएको छ। यसका अतिरिक्त स्थानीय स्रोत साधनको अधिकतम उपयोग, संघ र प्रदेश सरकारसँगको समन्वय, समुदायको सक्रिय सहभागिता, विद्यालय व्यवस्थापन समितिको सुदृढीकरण तथा सार्वजनिक–निजी साझेदारीलाई समेत योजनाको सफल कार्यान्वयनका लागि महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ।

समग्रमा, नगर शिक्षा योजना स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, उत्तरदायी र परिणाममुखी बनाउने एक महत्त्वपूर्ण साधन हो। यसको प्रभावकारी कार्यान्वयनले सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनोपयोगी सिप विकास, सामाजिक समावेशिता, समान अवसरको सिर्जना तथा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न उल्लेखनीय योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

## विषयसूची (Contents)

## फलेवास नगरपालिकाको नगर शिक्षा योजना

## (Phalewas Municipality Municipal Education Plan)


| | |
|---|---|
| १. विषय प्रवेश | १ |
| २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | २ |
| ३.नगर शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | ३ |
| ४. शिक्षा योजना निर्माणका आधार | ५ |
| ५. योजना निर्माण प्रक्रिया | ७ |
| ६. शिक्षा योजना निर्माणको लेखाजोखा | १० |
| ७. योजनाको दस्तावेजको स्वरूप | १२ |
| **परिच्छेद १ : परिचय (Introduction)** | **१३** |
| क) भौगोलिक अवस्थित | १३ |
| ख) जनसाङ्ख्यिक संरचना | १५ |
| ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण | १६ |
| घ) आर्थिक अवस्थाको विश्लेषण | १७ |
| ङ) आ.ब. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा शिक्षा | १८ |
| **१.१ वर्तमान अवस्था (Present Situation)** | **२०** |
| १.१ वर्तमान अवस्था | २० |
| १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण | २४ |
| १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | २७ |
| १.४ अवसर | २९ |
| **परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण (Vision, Objectives, Strategies and Target Setting)** | **३१** |
| २.१ दूरदृष्टि | ३१ |
| २.२ लक्ष्य | ३१ |
| २.३ उद्देश्य | ३२ |
| २.४ रणनीति | ३२ |
| २.५ कार्यनीति | ३२ |
| २.६ अपेक्षित उपलब्धि | ३४ |
| २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ३५ |

परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ३७

(Major Sub-sectors of the School Education Sector)

३.१ प्रारम्भिक बालविकास र शिक्षा ३७

३.२ आधारभूत शिक्षा ४२

३.३ माध्यमिक शिक्षा ४९

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ५५

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ६०

(Cross-cutting Themes and Areas)

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ६०

४.२ शिक्षक व्यवस्थापन र विकास ६६

४.३ शिक्षामा समता र समावेशीकरण ७२

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ७७

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ८०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ८४

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ८७

४.८ उच्च शिक्षा ९२

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन ९८

(Governance and Management)

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ९९

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध १०३

परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन १०६

(Investment and Resource Management)

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन १११

(Monitoring and Evaluation)

सन्दर्भ सामग्रीहरू (References) ११५

अनुसूचीहरू (Annexes) ११६




## १. विषय प्रवेश

नगर शिक्षा योजना (Municipal Education Plan) भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी (Inclusive), गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच (access) सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक (Non-formal) तथा आजीवन (Life-long) सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकता (Need) मा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG–4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

नेपालको विद्यालय शिक्षा प्रणाली सुधार तथा विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लागू गरिएको छ र प्रदेश तथा स्थानीय तहमा पनि शिक्षा क्षेत्रसँग सम्बन्धित योजनाहरू निर्माण भई कार्यान्वयनमा रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपछि आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकांश कार्यक्रम स्थानीय तहबाट सञ्चालन हुने व्यवस्था भएको छ । त्यसैले स्थानीय आवश्यकता, उपलब्ध स्रोत र राष्ट्रिय नीतिगत दिशानिर्देशन (Guidences) लाई आधार मानी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नु अत्यन्त आवश्यक मानिएको छ ।

नेपालमा शिक्षा योजनाको विकास क्रमिक रूपमा विस्तार हुँदै आएको छ । विगतमा शिक्षा क्षेत्रको योजना निर्माण जिल्ला तथा स्थानीय स्तरमा विभिन्न चरणमा विकास हुँदै आएको देखिन्छ । विद्यालय सुधार योजना (SIP), गाउँ तथा नगर शिक्षा योजना (VEP/MEP) जस्ता प्रयासहरूले विद्यालय र समुदायबीचको सहकार्यलाई बलियो बनाएका थिए । समयक्रममा सहभागी योजना

प्रक्रियाको अभ्यास बढ्दै गयो र शिक्षा व्यवस्थापनमा स्थानीय सरोकारवाला (Stakeholders) को भूमिका पनि विस्तार हुँदै आयो । यही अभ्यास र अनुभवका आधारमा हाल स्थानीय तहहरूले दीर्घकालीन लक्ष्य र रणनीतिलाई समेट्दै आफ्ना शिक्षा योजनाहरू तयार गरी कार्यान्वयनमा ल्याउने परिपाटी स्थापित भएको छ ।

संघीय (Federal) संरचनापछि नेपालको संविधानले विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालनमा स्थानीय तहलाई महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । गुणस्तरीय शिक्षा उपलब्ध गराउँदै सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख दायित्व (Responsibility) बनेको छ । शिक्षा क्षेत्रमा गरिएको लगानी (Investment) ले आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने भएकाले यसको महत्त्व अझ बढेको छ । दिगो विकास लक्ष्यले समेत समावेशी र गुणस्तरीय शिक्षाको सुनिश्चिततामा जोड दिएको छ। यसै सन्दर्भमा प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित गर्दै सिपमूलक, प्रविधिमैत्री तथा रोजगारमुखी शिक्षाको विस्तार गर्ने लक्ष्यका साथ स्थानीय तहले व्यवस्थित र दूरदर्शी शिक्षा योजना निर्माण गर्नु अपरिहार्य भएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्त्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI- Gender Equality and Social Inclusion) उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण–सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG–4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

## ३.नगर शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नगर शिक्षा योजना नगरपालिकाले निर्माण गर्ने शुक्ष्म योजना हो । पालिका क्षेत्रमा शैक्षिक सुधारको निम्ति उपलव्ध स्थानीय स्रोत र प्राप्त हुने अन्य स्रोतको सदुपयोग गरी स्थानीय सरोकारवालाहरुको सहभागितामा तयार गरिने शैक्षिक योजनाका रुपमा यसलाई हेरिन्छ । नगर

क्षेत्रका विभिन्न तहमा अध्ययन गर्ने उमेर समुहका बालबालिकाहरुलाई शिक्षाको पहुँच र सुनिश्चिता प्रदान गर्न यो योजना बनाई कार्यान्वयन गरिन्छ । योजना निमार्णमा स्थानीय निकाय, समुदायलाई संलग्न गराई परिचालन गर्ने, विद्यालय र समुदायबीच एक आपसको अन्तरक्रियाबाट विद्यालय र शिक्षकलाई सहयोग गर्ने र बालबालिकालाई विद्यालयमा भर्ना गरी गुणस्तरिय शिक्षाको सुनिश्चित गर्ने यस योजनाको मुख्य उद्देश्य रहेको छ । शिक्षामा देखिएका असमानता कम गरी गुणस्तरमा सुधार ल्याउन, सरोकारवालाहरुको संलग्नता वृदि गराउन, स्थानीय समस्या र आवश्यकतालाई संवोधन गर्न र योजना निमार्णमा तलदेखि माथि (Bottom-up approach) लाई कार्यान्वयनमा ल्याउन यस प्रकारको योजनाको आवश्यकता छ । नगर शिक्षा योजनाले आधारभूत शिक्षा, पूर्वाधार विकास, स्रोतको परिचालन, पहुचको अभावका बालबालिका आदि कुरामा जोड दिन्छ ।

नगर शिक्षा योजनाको कार्यान्वयन गर्ने मुख्य दायित्व नगर शिक्षा समितिको हो । त्यसैले शिक्षा ऐन २०२८ नवौ संशोधन (२०७४) अनुसार नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामका लागि प्रत्येक नगरपालिकामा नगरपालिका प्रमुखको अध्यक्षतामा ११ सदस्यीय नगर शिक्षा समिति रहने व्यवस्था छ । यो समितिले आफ्नो क्षेत्रभित्र शिक्षासम्बन्धी कार्य गर्नका लागि तयार गरिने योजना नगर शिक्षा योजना हो ।

कुनै पनि कार्यक्रमको लक्षित उपलब्धिलाई कार्यान्वयनमा उतार्नका लागि तयार पारिएको खाका नै योजना हो । कुनै कार्यक्रमलाई तोकिएको अवधिभित्र निर्धारित ढाँचामा सम्पन्न गर्नका लागि तयार पारिएको निर्देशन पनि योजना हो । योजनाले कुनै पनि कामलाई नियमित र व्यवस्थित रुपमा सञ्चालन गर्नमा मद्दत पुर्‍याउँछ । मानिसले कुनै पनि कामको थालनी गर्नु अगाडि आफ्नो पूर्व अनुभव, उपलब्ध साधन र स्रोत तथा भविष्यमा प्राप्त हुन सक्ने प्रतिफलको लेखाजोखा गरेको हुन्छ । यसरी लेखाजोखा गरेपछि कामको बाँडफाँड, उपलव्ध साधन र स्रोतको परिचालन तथा अनुगमनको व्यवस्था गर्नुलाई नै योजना भनिएको हो । हरेक कार्य योजनाबद्ध ढंगले गर्न सकिएमा अपेक्षित उद्देश्य प्राप्त गर्न सकिन्छ । योजनाले कुनै पनि कामलाई नियमित र व्यवस्थित रुपमा सञ्चालन गर्न मद्दत पुर्‍याउँछ । विषय र क्षेत्रअनुसार योजना थरिथरिका हुने गर्दछन् ।

नेपालको संविधान (Constitution) राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, दिगो विकास लक्ष्य तथा सोह्रौं पञ्चवर्षीय योजना जस्ता नीतिगत तथा कानुनी व्यवस्थाहरूले शिक्षा क्षेत्रको योजनाबद्ध विकासलाई विशेष महत्त्व दिएका छन् । संघीय संरचनाअनुसार विद्यालय

शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउँदै शिक्षा प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र परिणाममुखी बनाउन शिक्षा योजना निर्माण आवश्यक भएको हो । विज्ञान तथा प्रविधिको तीव्र विकाससँगै शिक्षालाई समयसापेक्ष, सिर्जनशील र व्यवहारिक बनाउँदै राष्ट्रको आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने सक्षम नागरिक तयार गर्न पनि शिक्षा योजनाले मार्गनिर्देशन प्रदान गर्दछ ।

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र पर्दछ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी विभिन्न अधिकार प्रदान गर्दै आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रको आवश्यकता, सम्भावना र चुनौतीलाई ध्यानमा राखी स्पष्ट लक्ष्य, नीति तथा कार्यक्रमसहित शिक्षा योजना निर्माण गर्नु अत्यन्त आवश्यक हुन्छ । यसले शिक्षा व्यवस्थापनलाई व्यवस्थित बनाउनुका साथै स्थानीय तहको उत्तरदायित्व र प्रभावकारिता पनि बढाउँछ ।

शिक्षा योजनाले संघ, प्रदेश र स्थानीय तहबीच लम्बीय तथा क्षितिजीय समन्वय स्थापना गर्न सहयोग पुऱ्याउछ । यसले विभिन्न तहबाट प्राप्त हुने स्रोतसाधनलाई योजनामा आधारित बनाउँदै व्यवस्थापन, परिचालन र उपयोग गर्न सहज बनाउँछ । साथै कार्यक्रम र स्रोत व्यवस्थापनमा देखिने दोहोरोपनालाई घटाउन, साझा विषयहरूमा लागत साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउन पनि शिक्षा योजना महत्त्वपूर्ण आधार बन्छ ।

त्यसैगरी शिक्षा योजनाले आर्थिक तथा सामाजिक कारणले शिक्षाबाट वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि वृद्धि गर्दै विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा योजनाले महत्त्वपूर्ण भूमिका खेल्छ । यसले दीर्घकालीन रूपमा शिक्षा क्षेत्रको समग्र सुधार गर्दै राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न मार्गदर्शन प्रदान गर्दछ ।

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा विभिन्न कानुनी व्यवस्था, नीतिगत दस्तावेज, राष्ट्रिय योजना तथा शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरूलाई आधार मानिएको हुन्छ । शिक्षा योजनाले स्थानीय तहमा गुणस्तरीय, समावेशी तथा दिगो शिक्षा प्रणाली विकास गर्न मार्गनिर्देशन

प्रदान गर्दछ । यसका लागि संघीय, प्रादेशिक र स्थानीय स्तरका नीति, ऐन, नियमावली, योजना तथा कार्यक्रमहरूको अध्ययन गरी तिनलाई मार्गदर्शक दस्तावेजका रूपमा प्रयोग गरिन्छ । शिक्षा योजनाको सफल कार्यान्वयनका लागि कानुनी, नीतिगत, संस्थागत तथा कार्यक्रमगत आधारहरू स्पष्ट रूपमा निर्धारण गरिएको हुन्छ ।

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित आधारहरूलाई प्रमुख रूपमा ग्रहण गरिएको छः

*१. नेपालको संविधान, २०७२, जसले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था सुनिश्चित गरेको छ ।*

*२. सोह्रौं आवधिक योजना (२०८१।०८२–२०८५।०८६), जसले देशको समग्र विकाससँगै शिक्षा क्षेत्रको दीर्घकालीन लक्ष्य, रणनीति तथा प्राथमिकता निर्धारण गरेको छ ।*

*३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, जसले स्थानीय तहलाई शिक्षा व्यवस्थापन, योजना निर्माण तथा कार्यान्वयनको अधिकार र जिम्मेवारी प्रदान गरेको छ ।*

*४. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, जसले तीनै तहका सरकारबीच समन्वय, सहकार्य तथा जिम्मेवारी बाँडफाँडको व्यवस्था गरेको छ ।*

*५. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७, जसले सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्ने कानुनी आधार प्रदान गरेको छ ।*

*६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan – SESP), सिकाइ आपूरण कार्यक्रम तथा द्रुत सिकाइ योजना, जसले शिक्षा क्षेत्रमा सुधार, सिकाइ उपलब्धि वृद्धि तथा कोभिडपछि सिकाइ क्षति न्यूनीकरणका उपायहरू समेटेको छ ।*

*७. राष्ट्रिय शिक्षा नीति, २०७६ तथा शिक्षाको सोचपत्र २०७९, जसले नेपालको शिक्षा प्रणालीको दीर्घकालीन दृष्टिकोण, लक्ष्य तथा रणनीतिहरू निर्धारण गरेको छ ।*

*८. विद्यालय शिक्षामा समता रणनीति, जसले शिक्षा क्षेत्रमा लैङ्गिक, सामाजिक तथा भौगोलिक असमानता न्यूनीकरण गर्दै सबैका लागि समावेशी शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।*

*९. दिगो विकास लक्ष्य (SDGs) सम्बन्धी राष्ट्रिय कार्ययोजना, जसले सन् २०३० सम्म सबैका लागि गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्ने लक्ष्यलाई मार्गनिर्देशन प्रदान गर्दछ ।*

*१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा स्थानीय तहको आवधिक विकास योजना, जसले स्थानीय विकास र शिक्षा योजनाको तयारी तथा कार्यान्वयनको प्रक्रियालाई स्पष्ट मार्गदर्शन प्रदान गर्दछ ।*

*११. स्थानीय तहको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework - MTEF) , जसले शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण र वित्तीय व्यवस्थापनलाई व्यवस्थित बनाउने आधार प्रदान गर्दछ ।*

*१२. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, जसले जनसंख्या, शैक्षिक अवस्था, साक्षरता दर तथा जनसांख्यिकीय अवस्थाबारे तथ्यांक प्रदान गरी शिक्षा योजना निर्माणमा महत्त्वपूर्ण आधारको काम गर्दछ ।*

*१३. बालमैत्री स्थानीय शासन कार्यान्वयन ढाँचा, जसले बालबालिकाको अधिकार सुनिश्चित गर्दै बालमैत्री विद्यालय तथा समुदाय निर्माणमा सहयोग पुऱ्याउँछ ।*

*१४.विद्यालय सुधार योजना (School Improvement Plan – SIP) तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले सञ्चालन गरेका शिक्षासम्बन्धी कार्यक्रमहरू, जसले विद्यालयस्तरमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछन्।*

*१५. स्थानीय तहको शैक्षिक अवस्था, विद्यालयको भौतिक पूर्वाधार, शिक्षक दरबन्दी, विद्यार्थी भर्ना दर तथा समुदायको आवश्यकता सम्बन्धी स्थानीय अध्ययन तथा प्रतिवेदनहरू, जसले शिक्षा योजना निर्माणलाई यथार्थपरक र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ ।*

## ५. योजना निर्माण प्रक्रिया

नेपालको संविधान (२०७२) अनुसार विद्यालय तह सम्मको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी एवं अधिकार स्थानीय सरकारको क्षेत्राधिकार अन्तर्गत रहेको अनुसार स्थानीय तहले आफ्नो वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सबैभन्दा पहिला शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

राष्ट्रिय शिक्षा नीति (२०७६) अनुसार स्थानीय सरकारको मुख्य जिम्मेवारी शिक्षा क्षेत्रको समग्र व्यवस्थापन र विकास हो। यस अन्तर्गत प्रारम्भिक बाल विकासदेखि माध्यमिक शिक्षासम्मका कानून, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने, विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन गर्ने, अनौपचारिक तथा आजीवन सिकाइ प्रवर्द्धन गर्ने, मातृभाषा तथा प्राविधिक शिक्षा विकास गर्ने, शिक्षक दरबन्दी मिलान र क्षमता विकास गर्ने, स्थानीय पाठ्यक्रम र शैक्षिक सामग्री विकास तथा कार्यान्वयन गर्ने, विद्यालयको पूर्वाधार निर्माण र सुधार गर्ने, परीक्षा सञ्चालन र सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने, अनिवार्य तथा निःशुल्क शिक्षा लागू गर्ने, विद्यार्थी प्रोत्साहन र अनुदान व्यवस्थापन गर्ने, आर्थिक अनुशासन र लेखापरीक्षण सुनिश्चित गर्ने, साथै पुस्तकालय, वाचनालय, शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको गठन तथा सञ्चालन गरी समग्र शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने भएकाले स्थानीय सरकारले विकास योजनाको आवधिक योजना अन्तर्गत शिक्षा क्षेत्रको योजना निर्माण गर्दै आएको छ । यस योजनालाई तयार गर्दा र यस सम्बन्धमा सरोकारवालासँग बहस गर्दै वार्षिक योजना निर्माण

प्रक्रिया अगाडि बढाइएको छ । विद्यालय तहसम्मको शिक्षा योजनाको निर्माणका लागि यस नगरपालिकाले अपनाएको प्रक्रिया निम्नानुसार रहेको छ :

**(क) योजनाको पूर्वतयारी एवंम प्रथम चरण** : यस चरणमा नगर शिक्षा योजनाको औचित्य, आवश्यकता तथा निर्माणका लागि कार्यदल गठन, तथ्याङ्क सङ्कलन, जनसहभागिता, सरोकारवालासँग कार्यशाला तथा छलफल आदि अन्तर्गत गरी पालिकाको शैक्षिक क्षेत्रमा देखिएका समस्या र चुनौती पहिचान गरी समाधानका सम्भावित उपायहरू खोज्ने हेतुले योजना तर्जुमा गरी पालिकाको दृष्टि स्थापित गरिएको छ ।

**(ख) दोस्रो चरण :** यस चरणमा विद्यालयहरूको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थाको जानकारी लिन प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी तथा नगरपालिकाका अन्तर्गतका सबै सरोकारवालासँग प्रत्यक्ष भेटघाट, छलफल र विभिन्न माध्यमहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग र फलेवास नगरपालिकाको समन्वयमा फलेवास नगरपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक, क्याम्पस प्रमुख, शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग शैक्षिक गुणस्तर सुधार, विद्यालय व्यवस्थापन र सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रस्तावित सुझावहरू अवलम्वन गरिएको थियो ।

**(ग) तेस्रो चरण :** यस चरणमा शैक्षिक योजना निर्माणका लागि आवश्यक शैक्षिक सूचकाङ्क सङ्कलन र विश्लेषण गरिएको छ । यसका साथै नगरपालिकाभित्र रहेका प्रारम्भिक तथ्याङ्क अध्ययन तथा विश्लेषण गरिएको छ साथै नगरपालिकाभित्र भएका सफल उदाहरण र राम्रो विद्यालय शिक्षाका अभ्यासहरू समेत अध्ययन गरी प्राप्त प्रतिक्रियाको आधारमा शैक्षिक रणनीति तथा आवश्यकतानुसार कार्यनीति तयार गरी नतिजा तथा विकास आदि तर्फ ध्यान दिइएको छ ।

**(घ) चौथो चरण :** यस चरणमा शिक्षा क्षेत्रको योजनाको प्रारम्भिक मस्यौदालाई छलफलका लागि नगरपालिकास्थित नगर शिक्षा समितिका पदाधिकारीहरूसँग नगरपालिकाको कार्यालयमा नै प्रस्तुतिकरण र छलफल गरी प्राप्त सुझावहरूको आधारमा परिमार्जन गरिएको छ ।

**(ङ) पाँचौं चरण :** यस चरणमा तयार गरिएको शिक्षा योजनामाथि नगरपालिकाको कार्यालयमा भएको छलफल पश्चात प्राप्त सुझावहरूको आधारमा परिमार्जन गरी अन्तिम योजनाको खाका एवं दस्तावेज तयार गरिएको छ ।

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गरिएको थियो ।

तालिका १
योजना निर्माण प्रक्रिया



## ६. शिक्षा योजना निर्माणको लेखाजोखा

शिक्षा योजना निर्माणको लेखाजोखा भनेको तयार गरिएको शिक्षा योजनाको गुणस्तर, सान्दर्भिकता, सम्भाव्यता र प्रभावकारिता मूल्याङ्कन गर्ने प्रक्रिया हो, जसबाट योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र कार्यान्वयनयोग्य छ कि छैन भन्ने सुनिश्चित गरिन्छ ।

स्थानीय तहको शिक्षा योजना निर्माण सम्पन्न भएपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भन्ने सुनिश्चित गर्न यसको विभिन्न पक्ष समेटी लेखाजोखा गरिनु आवश्यक हुन्छ। यस्तो लेखाजोखा योजना कार्यान्वयन गर्नु अघि गरिने महत्त्वपूर्ण कार्य हो र यो योजनाको अभिन्न अङ्गका रूपमा लिइन्छ। निर्माण गरिएको योजनाको लेखाजोखा कार्यलाई व्यवस्थित बनाउन नगर शिक्षा समितिको निर्णयअनुसार ५ सदस्यीय नगर शिक्षा योजना लेखाजोखा समिति गठन गरिएको थियो।

उक्त समितिले योजनाको समग्र मूल्याङ्कन गर्दा नेतृत्व तथा सहभागिता, पर्याप्तता र सान्दर्भिकता, समता, क्षमता तथा गुणस्तर, अन्तर्सम्बन्ध र तादात्म्य, सम्भाव्यता र कार्यान्वयनयोग्यता, स्रोत व्यवस्थापन, संस्थागत क्षमता, कार्यान्वयनमा तत्परता, तथ्याङ्क विश्लेषण तथा प्रक्षेपण, साथै अनुगमन र प्रतिवेदनजस्ता महत्त्वपूर्ण पक्षहरूलाई आधार मानेर समीक्षा गरेको थियो। लेखाजोखा समितिको प्रतिवेदन यस प्रकार छ ।

स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) मा उल्लेखित मापदण्डका आधारमा फलेवास नगरपालिकाको नगर शिक्षा योजनाको लेखाजोखा गर्दा योजना समग्र रूपमा स्थानीय आवश्यकता, संवैधानिक व्यवस्था, राष्ट्रिय शिक्षा नीति तथा विद्यालय शिक्षा क्षेत्र योजनासँग तादात्म्य राखी तयार गरिएको छ । योजनाको विश्लेषण निम्नानुसार छ।

### १. नेतृत्व तथा सहभागिता (Leadership and Participation)

फलेवास नगरपालिकाले शिक्षा योजना निर्माण प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ। योजना निर्माणका क्रममा जनप्रतिनिधि, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, सम्बन्धित सरकारी निकाय तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गरिएको छ। तथ्याङ्क सङ्कलन, छलफल तथा परामर्शका माध्यमबाट योजना निर्माण प्रक्रिया तुलनात्मक रूपमा पारदर्शी र सहभागितामूलक रहेको छ ।

### २. पर्याप्तता र सान्दर्भिकता (Adequacy and Relevance)

योजनाले नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरी विद्यालय पहुँच, गुणस्तरीय शिक्षा, सिकाइ उपलब्धि, शिक्षक क्षमता विकास, प्रारम्भिक बालविकास, समावेशी शिक्षा, सूचना प्रविधिको प्रयोग तथा विद्यालय व्यवस्थापनका प्रमुख चुनौतीहरूलाई सम्बोधन गर्ने रणनीति तथा कार्यक्रम समावेश गरेको छ। यस आधारमा योजना स्थानीय आवश्यकतासँग सान्दर्भिक र पर्याप्त छ ।

### ३. समता, सक्षमता तथा गुणस्तर (Equity, Efficiency and Quality)

योजनाले सबै बालबालिकाको शिक्षामा समान पहुँच, लैङ्गिक समानता, समावेशी शिक्षा, अपाङ्गता भएका तथा विपन्न वर्गका विद्यार्थीको सहभागिता वृद्धि, न्यूनतम सिकाइ उपलब्धि सुधार, शिक्षक व्यावसायिक विकास तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ। यसले शिक्षा क्षेत्रमा समता, सक्षमता र गुणस्तर सुधार गर्ने स्पष्ट दिशा प्रदान गरेको छ।

### ४. अन्तरसम्बन्ध र तादात्म्य (Coherence)

योजना नेपालको संविधान, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा गण्डकी प्रदेशका नीतिहरूसँग तादात्म्य राखी तयार गरिएको छ। साथै स्थानीय सरकारका कृषि, स्वास्थ्य, पूर्वाधार, युवा तथा सामाजिक विकाससँग सम्बन्धित योजनाहरूसँग अन्तरसम्बन्ध कायम गर्ने प्रयास गरिएको छ। विद्यालय सुधार योजना (SIP) सँग समेत योजनाको समन्वय गरिएको छ।

### ५. सम्भाव्यता, कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता (Feasibility, Implementability and Relevance)

योजनामा समावेश गरिएका कार्यक्रमहरू नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थालाई मध्यनजर गरी तयार गरिएका छन्। कार्यान्वयनका लागि आवश्यक जिम्मेवारी, समयसीमा तथा अनुगमन व्यवस्था उल्लेख गरिएकाले योजना व्यावहारिक र कार्यान्वयनयोग्य देखिन्छ। स्थानीय भाषिक, जातीय तथा सामाजिक विविधतालाई समेत ध्यानमा राखिएको छ।

### ६. स्रोतको प्रबन्ध *(Resource Management)*

योजनामा नगरपालिकाको आन्तरिक स्रोत, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, सशर्त तथा विशेष अनुदान, विकास साझेदार तथा समुदायको सहभागितालाई स्रोत व्यवस्थापनका आधारका रूपमा लिइएको छ। कार्यक्रमअनुसार बजेट अनुमान गरिएको भए पनि केही दीर्घकालीन कार्यक्रमका लागि थप स्रोत परिचालन आवश्यक छ ।

### ७. संस्थागत क्षमता ( Institutional Capacity)

शिक्षा शाखा, विद्यालय, विद्यालय व्यवस्थापन समिति तथा अन्य सम्बन्धित निकायको भूमिका स्पष्ट गरिएको छ। शिक्षक क्षमता विकास, तालिम, प्राविधिक सहयोग तथा संस्थागत सुदृढीकरणका कार्यक्रम समावेश गरिएकाले योजना कार्यान्वयनका लागि संस्थागत आधार तयार भएको छ । तथापि प्राविधिक जनशक्ति तथा स्रोतसाधन थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

### ८. कार्यान्वयनमा तत्परता (Implementation Readiness)

योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यक्रम, बजेट, जिम्मेवारी निर्धारण तथा सरोकारवालाको अपनत्व विकास गर्ने व्यवस्था गरिएको छ। योजना कार्यान्वयनमा वडा, विद्यालय तथा समुदायको सक्रिय सहभागिता अपेक्षा गरिएको छ। योजनालाई प्रभावकारी बनाउन नियमित अभिमुखीकरण र समन्वय आवश्यक छ।

### ९. तथ्याङ्क विश्लेषण र प्रक्षेपण ( Data Analysis and Projection)

योजना निर्माणमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS), राष्ट्रिय जनगणना, नगरपालिकाको अभिलेख तथा विद्यालयस्तरीय तथ्याङ्कको प्रयोग गरिएको छ। विद्यार्थी संख्या, शिक्षक, विद्यालय, साक्षरता, जातीय, भाषिक तथा धार्मिक अवस्थाको विश्लेषण गरी भावी आवश्यकताको प्रक्षेपण गरिएको छ। आगामी वर्षहरूमा तथ्याङ्क नियमित अद्यावधिक गर्नु आवश्यक छ।

### १०. अनुगमन तथा प्रतिवेदन (Monitoring and Reporting)

योजनामा अनुगमन तथा मूल्याङ्कनका लागि सूचक, जिम्मेवार निकाय तथा प्रतिवेदन प्रणालीको व्यवस्था गरिएको छ। वार्षिक समीक्षा, प्रगति मूल्याङ्कन तथा आवश्यकतानुसार योजना परिमार्जन गर्ने व्यवस्था उल्लेख गरिएको छ। प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, तथ्यमा आधारित प्रतिवेदन तथा सार्वजनिक जवाफदेहितालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता छ।

फलेवास नगरपालिकाको नगर शिक्षा योजना स्थानीय आवश्यकता, राष्ट्रिय नीति तथा दिगो विकास लक्ष्यसँग तादात्म्य राखी तयार गरिएको समावेशी, व्यवहारिक तथा कार्यान्वयनयोग्य योजना हो। योजनाले शिक्षा क्षेत्रमा पहुँच, समता, गुणस्तर, सुशासन तथा संस्थागत विकासका प्रमुख पक्षलाई समेटेको छ। यद्यपि योजनाका दीर्घकालीन लक्ष्यहरू प्रभावकारी रूपमा हासिल गर्न पर्याप्त वित्तीय स्रोत, दक्ष प्राविधिक जनशक्ति, नियमित अनुगमन, तथ्याङ्कको अद्यावधिक तथा सबै सरोकारवालाबीचको निरन्तर समन्वयलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ।

## ७. योजनाको दस्तावेजको स्वरूप

यस योजनाको **पहिलो भागमा** फलेवास नगरपालिकाको नगर शिक्षा योजनासम्बन्धी विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता तथा औचित्य, नगर शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य, शिक्षा योजना निर्माणका आधार, योजना निर्माण प्रक्रिया, शिक्षा योजना निर्माणको लेखाजोखा तथा योजनाको दस्तावेजको स्वरूप समेटिएको छ ।

पहिलो परिच्छेदमा स्थानीय तहको वर्तमान शैक्षिक अवस्था, मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषण, शिक्षा क्षेत्रका चुनौतीहरूको SWOT (Strength, Weakness, Oppertunities and Threath) विश्लेषण तथा उपलब्ध अवसरहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा शिक्षा योजनाका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि तथा मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण समावेश गरिएको छ ।

तेस्रो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू समेटिएका छन्, जसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, तथा अनौपचारिक शिक्षा र आजीवन सिकाइ रहेका छन् ।

चौथो परिच्छेदमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा तथा विपत् व्यवस्थापन, भौतिक पूर्वाधार विकास, तथा सूचना र सञ्चार प्रविधि जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएका छन् ।

पाँचौं परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत शिक्षा व्यवस्थापन, संस्थागत क्षमता विकास तथा स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध समेटिएको छ ।

छैटौं परिच्छेदमा शिक्षा योजनाका लागि आवश्यक लगानी तथा स्रोत व्यवस्थापनको व्यवस्था प्रस्तुत गरिएको छ ।

अन्तिम अर्थात् सातौं परिच्छेदमा योजनाको कार्यान्वयन तथा उपलब्धिको अनुगमन र मूल्याङ्कन प्रणाली सम्बन्धी व्यवस्था समावेश गरिएको छ ।

# परिच्छेद १

# 1 फलेवास नगरपालिकाको नगर शिक्षा योजना



## परिचय

फलेवास नगरपालिका नेपालको गण्डकी प्रदेशअन्तर्गत पर्वत जिल्लाको मध्य भागमा अवस्थित एक नगरपालिका हो। यो नगरपालिका २०७३ फागुन २७ गते (१० मार्च २०१७) साविकका कर्किनेटा, ठापाठाना, शंकरपोखरी, मुडिकुवा, फलेवास खानीगाउँ, देवीस्थान, लिमिठाना, थानामौला, भंगरा, कुर्घा र पाङराङ गाउँ विकास समितिहरू (VDC) लाई एकीकरण गरी गठन गरिएको हो। फलेवास नगरपालिका ११ ओटा वडामा विभाजित छ र यसको प्रशासनिक केन्द्र (मुख्यालय) फलेवास खानीगाउँमा रहेको छ। नगरपालिकाको कुल क्षेत्रफल ८५.७० वर्ग किलोमिटर रहेको छ।

### क) भौगोलिक अवस्थित

फलेवास नगरपालिका कालीगण्डकी नदीको किनारसँग जोडिएको रमणीय क्षेत्रमा फैलिएको छ । पूर्व–दक्षिण दिशातर्फ कालीगण्डकी नदीलाई पश्चिमी सिमाना बनाउँदै रहेको यस नगरपालिकाले आसपासका क्षेत्रसँग सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपमा घनिष्ठ सम्बन्ध कायम गरेको छ ।समुन्द्र सतहदेखि करिब ६२० मिटरदेखि २२१६ मिटर उचाइसम्म यस नगरपालिका फैलिएको छ । उचाइको विविधताका कारण यहाँको हावापानी पनि विविध प्रकारको पाइन्छ । माथिल्लो भेगमा चिसो हावापानी र जाडो याममा कहिलेकाहीँ हिमपात हुने गर्दछ भने तल्लो भेगमा अपेक्षाकृत न्यानो वातावरण पाइन्छ । विशेषगरी वडा नं. ६ को देवीस्थान क्षेत्रमा गर्मी याममा करिब ३४ डिग्री सेल्सियस तापक्रमसम्म पुग्ने गर्दछ भने डहरे लेकजस्ता उच्च स्थानमा जाडो याममा हिउँ पर्ने प्राकृतिक विशेषता पाइन्छ । अधिकांश भू–भाग पहाडी बनोटको भए पनि वडा नं. ४, ५, ६ र १० मा केही समथर तथा खेतीयोग्य जमिन पाइन्छ । यसले यहाँको कृषि प्रणालीलाई सहज बनाएको छ । धान, मकै, कोदो, गहुँ, तरकारी तथा फलफूल खेती यहाँका प्रमुख कृषि उत्पादन हुन् । साथै पशुपालन र परम्परागत कृषिसँग जोडिएका पेशाहरूले स्थानीय बासिन्दाको जीविकोपार्जनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

नगरपालिकाको दक्षिण–पश्चिम दिशातर्फ मल्याङ्दी खोला बग्दछ भने उत्तरतर्फ बाच्छा खोलाले यस क्षेत्रलाई घेरेको छ । त्यस्तै नगरपालिकाको बीच भागबाट लमाए खोला बग्ने भएकाले यहाँको प्राकृतिक वातावरण अझ सुन्दर र आकर्षक बनेको छ । यी नदी तथा खोलाहरूले कृषि


सिँचाइ, जलस्रोत उपयोग तथा वातावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् ।

फलेवास नगरपालिकाको करिब एक–तिहाइ भू–भाग वनजङ्गलले ढाकिएको छ । यहाँका वनहरू विभिन्न प्रकारका वनस्पति, जडीबुटी तथा वन्यजन्तुले समृद्ध छन् । यस नगरपालिकाले “खुला चिडियाखाना” को अवधारणालाई समेत आत्मसात गरेको छ, जसले प्राकृतिक सम्पदाको संरक्षण तथा पर्यावरणीय पर्यटनको विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । भौगोलिक दृष्टिले यस नगरपालिकाको पूर्वी सिमानामा स्याङ्जा जिल्ला तथा महाशिला गाउँपालिकाको केही भाग पर्दछन् । दक्षिणतर्फ स्याङ्जा जिल्ला र बिहादी गाउँपालिकाको केही भाग रहेका छन् । पश्चिममा बागलुङ जिल्ला अवस्थित छ भने उत्तरतर्फ कुस्मा नगरपालिका रहेको छ ।

यसरी प्राकृतिक स्रोत, भौगोलिक विविधता, कृषि सम्भावना तथा पर्यावरणीय महत्त्वका कारण फलेवास नगरपालिका पर्वत जिल्लाको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा चिनिन्छ । यहाँको हरियाली वन, नदी–खोला, रमणीय पहाड तथा सांस्कृतिक परम्पराले यस क्षेत्रलाई विकास, पर्यटन तथा बसोबासका दृष्टिले सम्भावनायुक्त स्थान बनाएको छ । समग्रमा, यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

नक्सा १ः

फलेवास नगरपालिकाको नक्सा




Map of Phalewas Municipality

## ख) जनसाङ्ख्यिक संरचना

फलेवास नगरपालिकाको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ। राष्ट्रिय जनगणना अनुसार फलेवास नगरपालिकाको कुल जनसंख्या २०,४६८ रहेको छ भने यहाँ ५,७३७ घरधुरी रहेका छन्। नगरपालिकाको जनघनत्व प्रतिवर्ग किलोमिटर २३९ जना रहेको छ, जसले जनसंख्याको मध्यम वितरणलाई संकेत गर्दछ। नगरपालिकामा प्रति १०० महिलामा ८४.३५ पुरुष (लिङ्ग अनुपात) रहेका छन्, जसबाट महिलाको संख्या पुरुषको तुलनामा बढी रहेको देखिन्छ। समग्र साक्षरता दर ७८.२ प्रतिशत रहेको छ, जसमध्ये पुरुष साक्षरता ८७.६ प्रतिशत र महिला साक्षरता ७०.५ प्रतिशत रहेको छ। यद्यपि समग्र साक्षरता सन्तोषजनक देखिए पनि पुरुष र महिलाबीचको साक्षरतामा करिब १७ प्रतिशत बिन्दुको अन्तर रहेकोले महिला शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धिमा थप प्रयास आवश्यक देखिन्छ। यी जनसांख्यिकीय विशेषताहरूले फलेवास नगरपालिकाको सामाजिक तथा शैक्षिक विकासका कार्यक्रमहरू तर्जुमा गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछन् । जनसङ्ख्याको बनावट हेर्दा कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइँका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका, किशोर– किशोरी, कार्यशील उमेर (१५– ५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई संकेत गर्दछ।

तालिका १

वडागत जनसङ्ख्याको वितरण ( ज. ग. २०७८ )

| वडा | जनसङ्ख्या | वडा | जनसङ्ख्या |
|---|---|---|---|
| १, काकिनिटा | १६२५ | ७, लिमिठाना | १२१२ |
| २, थापाठाना | २६८० | ८, ठानामौला | १२३९ |
| ३, शङ्करपोखरी | ३२५६ | ९, भँगरा | १५२६ |
| ४, मुडिकुवा | १५५५ | १०, कुर्घा | १४१३ |
| ५, खानीगाउँ | १४४७ | ११, पाङराङ | १५०७ |
| ६, देवीस्थान | ३००८ | जम्मा जनसङ्ख्या = २०४६८ | |

यस स्थानीय तहमा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औंल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको अनुमान गरिन्छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइसराइँका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाइसराइँको दृष्टिले यो स्थानीय तह श्रम आधारित बाह्य तथा आन्तरिक बसाइसराइँबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको संख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सिप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

तालिका २

जनसङ्ख्याको वितरण

| | | | | |
|---|---|---|---|---|
| जातिगत आधारमा | ब्राह्मण | ७६६१ | नेवार | ८४६ |
| | क्षेत्री | ५४६९ | परियार | ११३६ |
| | मगर | ४५८ | घर्ती/भुजेल | २७९ |
| | गुरुङ | २४१ | विश्वकर्मा | २१७० |
| | ठकुरी | ६८ | मिजार | १८४० |
| धर्मको आधारमा | हिन्दू | २०१६३ | इस्लाम | २७ |
| | बौद्ध | २१९ | किरात | १ |
| | क्रिस्चियन | ५८ | | |
| भाषागत आधारमा | नेपाली | १८७३६ | मगर | ८८ |
| | नेवारी | ६८१ | संस्कृत | ६०५ |
| | गुरुङ | २११ | अन्य | १४७ |

## ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

फलेवास नगरपालिका सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। हिन्दु, बौद्ध, मुस्लिम, तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था– प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन्। मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सिप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सिपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान–सिपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा, सामाजिक–सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

## घ) आर्थिक अवस्थाको विश्लेषण

फलेवास नगरपालिकाको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि–आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू जस्तै खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ–कटाइ तथा कृषि–आधारित उद्योग आर्थिक क्रियाकलापका महत्त्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सिप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। होमस्टे, धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन्।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ। रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सिपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## ङ) आ.ब. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा शिक्षा

*फलेवास नगरपालिकाको आ.ब. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा शिक्षा क्षेत्रका नीति, कार्यक्रम तथा बजेट निम्नानुसार प्रस्तुत गरिएका छन् :*

### नीति तथा कार्यक्रम

१. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू, विद्यालय सहयोगी, विद्यालय सहायक र सामुदायिक अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ। अध्ययन केन्द्रका सहयोगी कार्यकर्ताका लागि पारिश्रमिकमा अनुदान दिइनेछ। तोकिएका विद्यार्थीहरूको पहुँचका लागि दिवा खाजा कार्यक्रम अगाडि बढाइनेछ। यस वर्षदेखि कक्षा ८ का विद्यार्थीहरूलाई समेत दैनिक रु. २० का दरले थप गरी नगरले आफ्नै स्रोतमा कक्षा ६, ७ र ८ का विद्यार्थीहरूलाई दिवा खाजाका लागि आवश्यक व्यवस्था गरिनेछ। विद्यालय दिवा खाजामा **जङ्क फुड** निषेध गरी स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको मेनुका आधारमा व्यवस्थापन गरिनेछ। दिवा खाजाका लागि स्थानीय उत्पादनको आपूर्तिका लागि किसान समूह तथा सहकारी र विद्यालयबीच समन्वय गरी स्थानीय रैथाने उत्पादनको उपभोगलाई प्राथमिकता दिइनेछ।

२. सामुदायिक विद्यालयका छात्राहरूका लागि सेनिटरी प्याडको निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ। विद्यार्थीहरूको स्वास्थ्य परीक्षण विद्यालयमै गर्ने व्यवस्थाका लागि प्रदेश र सङ्घीय सरकारसँग विशेष पहल गरिनेछ। शिक्षामा गुणस्तरीयता र निरन्तरताका लागि विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ। विषयगत शिक्षक तालिम, प्रविधिमैत्री शिक्षक तालिम, संयुक्त शैक्षिक अनुगमन समिति, शिक्षक–विद्यार्थी अन्तरक्रिया र विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयका कम्प्युटर, ल्यापटप लगायतका सामग्रीको सुरक्षा तथा मर्मतसम्भार गर्न नगरबाटै प्राविधिक खटाई हरेक विद्यालयमा प्रविधिमैत्री शिक्षामा जोड दिइनेछ।

३. सामुदायिक विद्यालयहरूलाई शैक्षिक नतिजाका आधारमा अनुदान र प्रोत्साहन गरिनेछ। विभिन्न सीमान्तकृत वर्गका बालबालिकाहरूलाई पढाइसँगै कमाइ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। गुणस्तरीय शिक्षाका लागि भौगोलिक दूरी, विद्यार्थी सङ्ख्या, सिकाइ उपलब्धि मूल्याङ्कन लगायतका आधारमा क्रमशः विद्यालय एकीकरण तथा कक्षा समायोजन गर्दै लगिनेछ। साथै विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दीको मिलान गर्दै लगिनेछ। प्रधानाध्यापकको नेतृत्व थप प्रभावकारी बनाउन प्रोत्साहनस्वरूप सशर्त सरह प्रधानाध्यापक भत्ता थप गरिनेछ।

४. नगर खेलकुद विकास समिति गठन गरिनेछ। खेलाडी र खेलप्रेमीहरूको प्रोत्साहनका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। टेक्वान्दोलाई थप प्रभावकारी बनाउन खेल सामग्री र सुरक्षा सामग्रीको व्यवस्था गरिनेछ।

५. स्थानीय वातावरण र विषयवस्तु झल्किने गरी तयार पारिएको **'हाम्रो फलेवास'** को कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक सबै कक्षामा पुरयाइनेछ। सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा विद्युतीय शिक्षण–सिकाइ तथा स्मार्ट कक्षामा जोड दिइनेछ। प्रविधिमैत्री शिक्षक तालिमको व्यवस्था गरिनेछ। साथै नगरका सबै विद्यालयका कम्प्युटर मर्मतका लागि जनशक्ति तथा स्रोतको व्यवस्थापन गरिनेछ। वडा नं. १, २, ३, ४, ७, ८ र ९ मा एकीकृत सामुदायिक विकास परियोजना साझेदारीमा सञ्चालन गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ।

६. प्राविधिक तथा व्यावसायिक, विज्ञान र कानुनतर्फ यस नगरका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

७. नगरभित्र सबै विद्यालयमा परीक्षामा एकरूपता कायम गर्दै विद्यार्थी सिकाइ उपलब्धि मापन वस्तुनिष्ठ, विश्वसनीय बनाई शैक्षिक सत्रको दोस्रो त्रैमासिकदेखि नै उपलब्धि समीक्षा गरी विषयगत शिक्षकलाई जिम्मेवार बनाइनेछ।

८. अपाङ्गता भएका बालबालिकाको पहिचान गरी सहायता सामग्रीको व्यवस्था गरिनेछ। अनौपचारिक शिक्षा अन्तर्गत सिप हासिल गरेका नागरिकहरूका लागि सिप परीक्षणको व्यवस्था गरी तह निर्धारण गरिनेछ। सामुदायिक सिकाइ केन्द्रलाई थप मजबुत र जिम्मेवार बनाइनेछ। अङ्ग्रेजी माध्यमबाट शिक्षणका लागि के.जी. कक्षादेखि नै पाठ्यपुस्तक अनुदानको व्यवस्था गरिनेछ। नगरबाट सञ्चालित सबै किसिमका शैक्षिक तालिम तथा अन्तरक्रियाहरूमा निजी विद्यालयहरूलाई समेत समान सहभागी गराइनेछ। शिक्षालाई प्रविधिमैत्री र कृत्रिम बुद्धिमत्ता (एआई प्रविधि) मा जोड दिँदै सो प्रविधिको सिकाइलाई समेत विद्यालय तहदेखि नै प्राथमिकतामा राखिनेछ।

९. पर्वत बहुमुखी क्याम्पस, अन्नपूर्ण सामुदायिक क्याम्पस तथा शंकरपोखरी क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनुका साथै सञ्चालन अनुदानको व्यवस्था गरिनेछ।

१०. प्रसूति शिक्षक तथा विद्यालय कर्मचारीको सट्टा जनशक्तिको व्यवस्था गरिनेछ। आवश्यकता र औचित्यताका आधारमा शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक दरबन्दी मिलान र सरुवा गरिनेछ।

*बजेट*

१. यस शीर्षकमा आन्तरिकतर्फ रु. १ करोड ५५ लाख र सशर्ततर्फ चालु रु. ३० करोड ४४ लाख र पुँजीगततर्फ रु. ३० लाख गरी कुल रु. ३२ करोड २९ लाख बजेट रहेको छ।

२. विद्यार्थीहरूको भर्ना, टिकाउ र विद्यार्थीको स्वास्थ्यमा सुधार गर्न आधारभूत तह कक्षा १ देखि ५ सम्म सङ्घीय सरकारद्वारा र कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूको लागि आन्तरिक स्रोतबाट दिवा खाजा कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। सामुदायिक विद्यालयका छात्राहरूका लागि सेनिटरी प्याड व्यवस्थापन, निःशुल्क पाठ्यपुस्तक, विपन्न लक्षित छात्रवृत्ति, शिक्षण–सिकाइ व्यवस्थापन, अनौपचारिक शिक्षा सञ्चालन, विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन, आधारभूत सिकाइ प्रवर्द्धन, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान लगायत स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ भने त्यस्ता कार्यक्रम सञ्चालन गर्न सशर्ततर्फ कुल बजेट रु. ३० करोड ७४ लाख रहेको छ।

३. विद्यालय क्षेत्र विकास कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितता, निःशुल्क पाठ्यपुस्तक अनुदान, शैक्षिक गुणस्तर सुदृढीकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, विद्यालय ल्याब स्थापना, सामुदायिक सिकाइ केन्द्र सञ्चालन, विद्यालय सहायक कर्मचारी व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण–सिकाइ अनुदान, विपन्न लक्षित छात्रवृत्ति, क्याम्पस सञ्चालन अनुदान, कानुन सङ्काय सञ्चालन अनुदान लिमिठाना, कम्प्युटर कक्षा व्यवस्थापन थापाठाना मावि, बाल विकास केन्द्रका लागि मागमा आधारित कार्यक्रम सहयोग, स्मार्ट स्कुल एप्लिकेसन, शिक्षक तालिम, प्रधानाध्यापक प्रोत्साहन, युवा तथा खेलकुद, टेक्वान्दो डोजाङ म्याट व्यवस्थापन लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न थप आन्तरिकतर्फ रु. १ करोड ५५ लाख बजेट विनियोजन गरेको छु, जसबाट नगरको शैक्षिक गुणस्तर तथा प्रतिभा उत्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु।

४. उच्च शिक्षाका लागि साझेदारी गर्न पर्वत बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि रु. १२ लाख विनियोजन गरेको छ। त्यसैगरी नगरका अन्य क्याम्पसहरू अन्नपूर्ण बहुमुखी क्याम्पस र त्रिभुवन क्याम्पसका लागि उच्च शिक्षामा साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन खर्चका लागि रु. १० लाख बजेट विनियोजन गरेको छ।

५. शैक्षिक गुणस्तर अभिवृद्धि, माध्यमिक विद्यालयका विद्यार्थीहरूको प्रतिभा पहिचान, सुत्केरी बिदामा बसेका महिला शिक्षकको सट्टा शिक्षक व्यवस्था, माध्यमिक तह तथा उच्च शिक्षामा गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नका लागि यस वर्ष विनियोजित बजेटलाई निरन्तरता दिएको छ।

## १.१ वर्तमान अवस्था

फलेवास नगरपालिकामा शिक्षा पहुँच विस्तार भइरहेको देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ। प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औँल्याउँछ। वर्तमान अवस्थाको विश्लेषण यस प्रकार छ।

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | **प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या (५७ + ६) ६३ रहेको छ भने ती केन्द्रहरूमा सामुदायिक ४७७ र संस्थागत ८५ गरि कुल ५६२ बालबालिकाको सङ्ख्या रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ। लैङ्गिक दृष्टिले प्रारम्भिक वाल विकास तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गता– मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।<br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या (५७ + ६) ६३ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरेको अवस्था रहेको छैन साथै खेल– आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सहजकर्ता– बालबालिका अनुपात १ : ८.९२ रहेको छ, जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको |

| | |
|---|---|
| | प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुऱ्याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| आधारभूत शिक्षा | आधारभूत शिक्षा (कक्षा १–८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा आधारभूत तहका विद्यालयहरूको सङ्ख्या २१ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या सामुदायिक १८४२ र संस्थागत ४४६ गरि कुल २२८८ रहेको छ । भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता– मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या २२ रहेको अनुमान छ। विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ। विद्यार्थी– शिक्षक अनुपात औसत १ : ८.९३ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ। उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत– प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधि– आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ। सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ। |

| | |
|---|---|
| | समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु– अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ। लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ। |
| माध्यमिक शिक्षा | माध्यमिक शिक्षा (कक्षा ९– १२) विद्यार्थीहरूको जीवनोपयोगी सिप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्त्वपूर्ण चरण हो। यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या १३ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ८३२ रहेको छ। भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ५०.१३% र ४९.८७% रहेको छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औंल्याउँछ।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ३२ रहेको अनुमान छ। शिक्षक– विद्यार्थी अनुपात औसत १ : *९.४५* रहेको छ। विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुऱ्याएको छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुऱ्याएको छ। सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ। *विषयगत सिकाइ उपलब्धि सुधार गर्न गणित, अङ्ग्रेजी, नेपाली र विज्ञान विषयका शिक्षक समूह निर्माण गरिएको छ र अन्य विषयका शिक्षक समूह समेत गठन गर्ने तयारी रहेको छ। एसईई २०८२ को नतिजा गत वर्षको तुलनामा सन्तोषजनक रहेको छ।* समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ। |
| अनौपचारिक शिक्षा | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सिप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्त्वपूर्ण माध्यमको रूपमा काम गर्दछ। यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसमा |

| | |
|---|---|
| तथा आजीवन सिकाइ | **साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सिप विकास तालिम** लगायतका पहलहरू समावेश छन्। हाल निरक्षर जनसंख्या अनुमानित २६ + १११ = १३७ रहेको छ।<br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोर–किशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन्। यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पु¥याएको छ। तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।<br>आयआर्जन तथा व्यावसायिक सिपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारीसक्षम बनाउने उद्देश्य राख्दछन्। यस स्थानीय तहमा सञ्चालन भएका **कृषि, हस्तकला, सिलाइ– कटाइ, आईटी/प्रविधि र स्थानीय उत्पादन आधारित तालिममा** उल्लेखनीय रूपमा धेरै सहभागी भएका छन्। यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन्।<br>सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ। धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन्। पुस्तकालय, सिप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ।<br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सिप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पु¥याएका छन्। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सिपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ। यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुर्‍याउनेछ। |

फलेवास नगरपालिकामा शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक– विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पु¥याउँछ।

पूर्वाधार, सिकाइ सामग्री र ICT को पहुँच असमान रहेको छ। सुरक्षित, बालमैत्री र अपाङ्गता–मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ। जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुऱ्याएको छ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सिप विकास र जीवनोपयोगी सिप प्रदान गर्ने महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सिपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन्। यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण


शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीको विश्लेषण भन्नाले शिक्षा प्रणालीमा रहेका उपलब्धि, कमजोरी, अन्तर र अवरोधहरूको अध्ययन गरी ती समस्याहरूको कारण, प्रभाव र समाधान आवश्यकताहरू पहिचान गर्ने प्रक्रिया हो। यसले शिक्षा पहुँच, गुणस्तर, पूर्वाधार, शिक्षक व्यवस्थापन, सुशासन तथा सिकाइ उपलब्धिसँग सम्बन्धित प्रमुख चुनौतीहरूलाई स्पष्ट रूपमा बुझ्न र सुधारका उपायहरू निर्धारण गर्न मद्दत गर्छ ।

### शिक्षा क्षेत्रका मुख्य समस्याहरू

फलेवास नगरपालिकाको विद्यालय शिक्षामा मुख्य समस्याहरूमा सबैका लागि गुणस्तरीय शिक्षामा समान पहुँच नहुनु, विद्यार्थीको निरन्तरता र सिकाइ उपलब्धि कमजोर हुनु, तहगत तथा विषयगत रूपमा शिक्षक व्यवस्थापन प्रभावकारी नहुनु, प्राविधिक शिक्षालाई मूलधारमा विकास गर्न नसक्नु, शिक्षा अधिकार कार्यान्वयनका लागि पर्याप्त स्रोतको अभाव हुनु, पठन संस्कृतिको विकास र सार्वजनिक पुस्तकालय प्रणाली कमजोर हुनु तथा शिक्षा क्षेत्रमा सुशासनको प्रत्याभूति नहुनु प्रमुख रहेका छन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

- विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु।

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु।
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु।
- स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयन गर्न नसक्नु।
- विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु।
- सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु।
- वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।
- विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु।
- तल्लो तहदेखि सिकाइ उपलब्धिमा सुधार देखिए पनि त्यसलाई उच्च तहसम्म निरन्तर रूपमा कायम राख्न सकिएको छैन।
- उमेरअनुसारभन्दा बढी उमेर भएका विद्यार्थीहरू विभिन्न तह तथा कक्षामा अध्ययनरत हुनु।



## शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

विद्यालय शिक्षाको सुलभता, उपयुक्त पूर्वाधार विकास, समतामूलक पहुँच र गुणस्तर सुनिश्चितता गर्दै सार्वजनिक शिक्षाप्रति आकर्षण बढाउनु, विद्यार्थी–शिक्षक अनुपात मिलाउनु, शैक्षिक सुशासन र उत्तरदायित्व वृद्धि गर्नु, सबै विद्यालयमा आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण–सिकाइलाई व्यावहारिक, बालमैत्री र प्रविधिमा आधारित बनाउनु, सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी कक्षा छाड्ने दर शून्यमा झार्नु, प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र पहुँच सुनिश्चित गर्नु, क्षमतावान युवालाई स्थानीय स्तरमै अवसर दिनु, विद्यालयको नक्साङ्कन गर्नु र सूचना–प्रविधिको प्रभावकारी उपयोग गर्नु प्रमुख चुनौतीहरू हुन्।

भौगोलिक विकटताका कारण शैक्षिक सेवा प्रभावकारी रूपमा पुर्‍याउन कठिनाइ भइरहेको छ। धेरै विद्यार्थीहरू घरायसी तथा *कृषि कार्यमा संलग्न* हुनुपर्ने भएकाले अध्ययनमा पूर्ण ध्यान दिन सक्दैनन्। त्यस्तै, *विदेश जाने प्रवृत्ति* बढ्दै जाँदा अध्ययनप्रतिको आकर्षण घटिरहेको छ, जसले दीर्घकालीन शैक्षिक गुणस्तरमा असर पारिरहेको छ। *विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका चुनौतीहरू पहिचान गर्न सकिन्छ :*

- लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन ।
- जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन ।
- स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न कठिन ।
- विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्यांकन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न दक्ष जनसक्तीको अभावका कारण कठिन ।
- विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी।
- जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न कठिन,
- सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती,

- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति, दक्ष जनशक्तिको अभाव र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन
- SEE, कक्षा ८ र कक्षा १२ जस्ता परीक्षामा सतप्रतिशत नतिजा ल्याउने प्रयास भए तापनि पूर्ण सफलता प्राप्त हुन सकेको छैन।

यसरी यस पालिकाको शैक्षिक सुधार तथा विकासका लागि विभिन्न चुनौतीहरू विद्यमान छन् । लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जनजाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन, जनसाङ्खिकीय प्रवृत्ति विशेषत जन्म दरको न्यूनता तथा बढ्नो बसाइँसराइका साथै कतिपय छरिएर रहेको बसोबास र भौगोलिक विकटताका कारण व्यावहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन भएको छ । विद्यालय शिक्षाकेन्द्रित आर्थिक व्यस्थापन हुन नसक्दा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिनाइ भएको, दक्ष र उत्प्रेरित जनशक्तिको अभावमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्यांकन प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिनाइ सिर्जना भएको छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

**Strengths (सबल पक्ष)**

फलेवास नगरपालिकाले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री तथा अपाङ्गता–मैत्री कक्षाकोठा निर्माण गरिएको छ । प्रारम्भिक तहमा खेल–आधारित सिकाइ, बालमनोविज्ञानमा आधारित शिक्षण र अभिभावक सहभागिता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिँदा विद्यार्थीको नियमित उपस्थिति र सिकाइ स्तरमा सुधार आएको छ। लैङ्गिक समानता कायम गर्दै बालक र बालिकाको सहभागिता सन्तुलित बनाइएको छ भने दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिएका छन्। शिक्षक व्यवस्थापन सुधार गर्दै विषयगत दक्ष शिक्षकको उपलब्धता, नियमित तालिम तथा क्षमता विकास कार्यक्रमले शिक्षण गुणस्तर वृद्धि गर्न मद्दत गरेको छ। साथै, विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, ICT उपकरण तथा खेलकुद सामग्री विस्तार गरी सिकाइ वातावरणलाई अझ आकर्षक र प्रभावकारी बनाइएको छ ।

विद्यालयहरूमा शिक्षकहरूको लगनशीलता र समर्पण बढ्दै गएको छ, जसले सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन मद्दत गरेको छ। शैक्षिक व्यवस्थापनमा पनि सुधार आएको छ र धेरै विद्यालयहरूले योजना, अनुगमन तथा सिकाइ क्रियाकलापलाई व्यवस्थित रूपमा सञ्चालन

गरिरहेका छन्। केही विद्यालयहरूले SEE परीक्षामा *सतप्रतिशत नतिजा* हासिल गर्न सफल भएका छन् र स्थानीय तहको समग्र नतिजा राष्ट्रिय तथा प्रदेश औसतभन्दा राम्रो देखिएको छ। साथै, विद्यालय तहमा विद्यार्थीहरूको पहुँच क्रमिक रूपमा विस्तार हुँदै गएको छ, जसले शिक्षामा सकारात्मक परिवर्तन संकेत गर्दछ।

**Weaknesses (कमजोर पक्षहरू)**

फलेवास नगरपालिकामा शिक्षा क्षेत्रमा केही महत्त्वपूर्ण कमजोरीहरू अझै कायम रहेका छन्। विभिन्न विद्यालयहरूबीच गुणस्तरीय शिक्षामा असमानता देखिन्छ, जसले सबै विद्यार्थीलाई समान सिकाइ अवसर प्राप्त हुन सकेको छैन। शिक्षक दरबन्दी वितरण अझै पनि सन्तुलित हुन नसक्दा कतिपय विद्यालयमा विषयगत शिक्षक अभाव छ भने कतिपयमा आवश्यकभन्दा बढी केन्द्रित भएको अवस्था देखिन्छ। केही विद्यालयहरूमा भौतिक पूर्वाधार अझै अपूर्ण छन्, जस्तै पर्याप्त कक्षाकोठा, प्रयोगशाला र डिजिटल उपकरणको कमी। सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु र विद्यार्थीको मूल्याङ्कन प्रणाली अझ प्रभावकारी नहुनु अर्को चुनौती हो। साथै, व्यावहारिक, प्रविधिमैत्री तथा अनुसन्धानमुखी शिक्षण–सिकाइ अभ्यास अझै पर्याप्त रूपमा विकसित हुन नसक्दा शिक्षा प्रणाली आधुनिक आवश्यकतासँग पूर्ण रूपमा मेल खाएको छैन ।

**Opportunities (अवसरहरू)**

फलेवास नगरपालिकामा शिक्षा क्षेत्रलाई अझ सुदृढ बनाउने धेरै अवसरहरू विद्यमान छन्। सूचना तथा सञ्चार प्रविधिको विस्तारसँगै डिजिटल शिक्षण, ई–लर्निङ र स्मार्ट कक्षाको प्रयोग बढाउने ठूलो सम्भावना रहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विकास गरी स्थानीय युवा जनशक्तिलाई रोजगारीमुखी सिप प्रदान गर्ने अवसर पनि प्रचुर छ। कृषि, पर्यटन, हस्तकला तथा स्थानीय उद्यमसँग शिक्षा जोडेर आत्मनिर्भर समाज निर्माण गर्न सकिने सम्भावना बढ्दो छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, शैक्षिक परियोजना र लगानी आकर्षित गर्ने अवसरले शिक्षा पूर्वाधार तथा गुणस्तर सुधारमा योगदान पुर्‍याउन सक्छ। साथै, क्षमतावान युवालाई स्थानीय स्तरमै सेवा र उद्यमशीलताको अवसर सिर्जना गरी गाउँमै बसोबास र विकासलाई प्रवर्द्धन गर्न सकिने सम्भावना पनि छ ।

**Threats (चुनौती/जोखिमहरू)**

फलेवास नगरपालिकामा शिक्षा क्षेत्रका लागि केही चुनौतीहरू पनि विद्यमान छन्। केही बालबालिका अझै विद्यालय बाहिर रहनु र कक्षा छाड्ने दर पूर्ण रूपमा नियन्त्रणमा आउन नसक्नु प्रमुख समस्या हो। ग्रामीण र शहरी क्षेत्रबीचको शैक्षिक असमानता तथा अवसरको फरकपनले समावेशी शिक्षा लक्ष्यलाई चुनौती दिएको छ। बसाइँसराइका कारण विद्यार्थी संख्या अस्थिर हुनु तथा जनसांख्यिक परिवर्तनले विद्यालय व्यवस्थापनमा असर पारेको छ । बेरोजगारी र शिक्षा बीचको असन्तुलनले शिक्षाको व्यावहारिक उपयोगिता घटाउने जोखिम छ। साथै, राजनीतिक अस्थिरता, नीति कार्यान्वयनमा ढिलाइ र स्रोत व्यवस्थापनमा कमजोरीले शिक्षा सुधारका प्रयासहरूलाई अपेक्षित गतिमा अघि बढ्न नदिने अवस्था रहेको छ ।

## फलेवास नगरपालिकाको विद्यालय शिक्षा क्षेत्रको SWOT विश्लेषण

### सबल पक्ष

- सुरक्षित, बालमैत्री तथा अपाङ्गता–मैत्री कक्षाकोठा निर्माण र बालमनोविज्ञानमा आधारित शिक्षण, अभिभावक सहभागिता प्रभावकारी ।
- लैंगिक समानता र समावेशी शिक्षा : दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाका लागि विशेष लक्षित कार्यक्रम ।
- शिक्षक व्यवस्थापन सुधार : विषयगत दक्ष शिक्षक उपलब्धता, नियमित तालिम र क्षमता विकास कार्यक्रम ।
- पुस्तकालय, प्रयोगशाला, ICT उपकरण तथा खेलकुद सामग्री विस्तार गरी सिकाइ वातावरण सुधार ।
- शिक्षकहरूको लगनशीलता र समर्पण बढ्दै गएको ।
- शैक्षिक व्यवस्थापनमा सुधार, योजना, अनुगमन तथा सिकाइ क्रियाकलाप व्यवस्थित ।
- केही विद्यालयमा SEE परीक्षामा सतप्रतिशत नतिजा र स्थानीय तहको नतिजा राष्ट्रिय तथा प्रदेश औसतभन्दा राम्रो ।
- विद्यालय तहमा विद्यार्थीको पहुँच क्रमिक रूपमा विस्तार ।

### कमजोर पक्ष

- विभिन्न विद्यालयहरूबीच गुणस्तरीय शिक्षामा असमानता ।
- शिक्षक दरबन्दी वितरण सन्तुलित हुन नसक्नु, विषयगत शिक्षक अभाव वा अत्यधिक केन्द्रित ।
- भौतिक पूर्वाधार अपूर्ण : पर्याप्त कक्षाकोठा, प्रयोगशाला र डिजिटल उपकरणको कमी ।
- सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु र विद्यार्थीको मूल्याङ्कन प्रणाली प्रभावकारी नहुनु ।
- व्यावहारिक, प्रविधिमैत्री तथा असुनन्धानमुखी शिक्षण–सिकाइ अभ्यास पर्याप्त विकसित नहुनु ।
- शिक्षा प्रणाली आधुनिक आवश्यकतासँग पूर्ण रुपमा मेल नखानु ।

### अवसर

- सूचना तथा संञ्चार प्रविधिको विस्तारसँगै डिजिटल शिक्षण, ई–लर्निङ्ग र स्मार्ट कक्षाको प्रयोग बढाउने अवसर ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा विकास गरी स्थानीय युवा जनशक्तिलाई रोजगारीमुखी सीप प्रदान गर्ने अवसर ।
- कृषि, पर्यटन, हस्तकला तथा स्थानीय उद्यमसँग शिक्षा जोड्रेर आत्मनिर्भर समाज निर्माण गर्न सकिने सम्भावना ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, शैक्षिक परियोजना र लगानी आकर्षित गर्ने अवसरले पुर्वाधार तथा गुणस्तर सुधारमा योगदान पुर्याउन सक्छ ।
- क्षमतावान युवालाई स्थानीय स्तरमै सेवा र उद्यमशीलताको अवसर सिर्जना गरी गाउँमै बसोबास र विकासलाई प्रवर्द्धन गर्न सकिने सम्भावना ।

### चुनौती/जोखिम

- केही बालबालिका अझै विद्यालय बाहिर रहनु र कक्षा छाड्ने दर पूर्ण रूपमा नियन्त्रणमा आउन नसक्नु ।
- ग्रामीण र शहरी क्षेत्रबीचको शैक्षिक असमानता तथा अवसरको फरकपनले समावेशी शिक्षा लक्ष्यलाई चुनौती ।
- बसाइँसराइका कारण विद्यार्थी संख्या अस्थिर हुनु तथा जनसांख्यिक परिवर्तनले विद्यालय व्यवस्थापनमा असर ।
- बेरोजगारी र शिक्षा बीचको असन्तुलनले शिक्षाको व्यावहारिक उपयोगिता घटाउने जोखिम ।
- राजनीतिक अस्थिरता, नीति कार्यान्वयनमा ढिलाइ र स्रोत व्यवस्थापनमा कमजोरीले शिक्षा सुधारका प्रयासहरू अपेक्षित गतिमा अघि बढ्न नदिने ।

**उद्देश्य: समावेशी, गुणस्तरीय र पहुँचयुक्त शिक्षा सुनिश्चित गर्दै बालबालिकाको सामग्रिक विकास र शैक्षिक उपलब्धि वृद्धि गर्नु ।**


## १.४ अवसरहरू

फलेवास नगरपालिकाको **शिक्षा क्षेत्रमा** निम्न अवसरहरु रहेका छन्

- संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु
- तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु
- सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु
- स्थानीय पाठ्यक्रममा स्थानीय लोक संस्कृति पर्यटकीय क्षेत्र मौलिकता वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी कार्यान्वयनको अवसर हुनु ।

- स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ ।
- अन्तर्राष्ट्रिय शैक्षिक परियोजना तथा दातृ निकायबाट सहयोग र साझेदारी विस्तार हुने सम्भावना हुनु
- डिजिटल शिक्षा, अनलाइन सिकाइ र स्मार्ट कक्षा प्रणाली विकास गर्ने अवसर बढ्नु
- स्थानीय स्तरमै प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी रोजगारी सिर्जना गर्ने सम्भावना हुनु ।






## परिचय

नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण अपरिहार्य हुन्छ। यिनै पक्षहरूले योजनालाई दीर्घकालीन सोच, प्राथमिकता र कार्यदिशा प्रदान गर्दै उपलब्ध स्रोत–साधनको प्रभावकारी परिचालन गर्न मार्गदर्शन गर्छन्। संविधान, विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय शिक्षा नीति तथा स्थानीय आवश्यकता र सम्भावनालाई आधार मानी फलेवास नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि यस अध्यायमा दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण गरिएको छ। यी पक्षहरूको प्रभावकारी कार्यान्वयनबाट गुणस्तरीय, समावेशी, समानतामूलक र जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्दै नगरको शैक्षिक विकासलाई अपेक्षित दिशामा अघि बढाउने लक्ष्य लिइएको छ।

## २.१ दूरदृष्टिः गुणस्तरीय सिपमुलक प्रविधिमैत्री समयानुकुल शिक्षा ।

**२.२ लक्ष्यः** शिक्षामा पहुँच तथा गुणस्तरीय र स्थानीय सान्दर्भीक शिक्षा प्रदान गर्ने ।

- समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय– अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने
- सबैका लागि समान पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा सुनिश्चित गर्दै स्थानीय आवश्यकता तथा श्रम बजारअनुकूल प्रतिस्पर्धी, सक्षम र आत्मनिर्भर जनशक्ति विकास गर्ने
- समावेशी, नवप्रवर्तनशील र जीवनोपयोगी शिक्षामार्फत सिप, प्रविधि र मूल्यमा आधारित प्रतिस्पर्धी तथा जिम्मेवार जनशक्ति उत्पादन गर्ने
- स्थानीय सन्दर्भमा आधारित गुणस्तरीय शिक्षा प्रणालीको सुदृढीकरण गरी सिप, प्रविधि र रोजगारीसँग जोडिएको सक्षम तथा प्रतिस्पर्धी जनशक्ति तयार गर्ने

## २.३ उद्देश्य

क) सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु।

च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु।

## २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| 1. सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | 1. बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | 2. विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने। |
| | 3. अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने। |
| | 4. बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गर्ने गराउने। |
| | 5. बालबालिकाको नियमित उपस्थितिका लागि स्थानीय जागरूकता कार्यक्रम सञ्चालन गर्ने। |
| 2. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | 1. बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने। |
| | 2. शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने। |
| | 3. विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने। |
| | 4. लैङ्गिक र सामाजिक समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| | 5. बालबालिकाको समावेशी सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| 3. अपाङ्गता भएका र | 1. अपाङ्गता– मैत्री पूर्वाधार निर्माण गर्ने। |
| | 2. सहायक सिकाइ सामग्री उपलब्ध गराउने। |

| | |
|---|---|
| सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउनु | 3. शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने। |
| | 4. लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | 5. अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत पार्ने गर्ने। |
| 4. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु | 1. शिक्षक– विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने। |
| | 2. सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने। |
| | 3. पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | 4. शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने। |
| | 5. सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने। |
| 5. बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | 1. सुरक्षित, बालमैत्री र अपाङ्गता– मैत्री कक्षाकोठा निर्माण गर्ने। |
| | 2. खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने। |
| | 3. बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने। |
| | 4. विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | 5. विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने। |
| 6. स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | 1. सरोकारवाला र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रम विकास गरियको। |
| | 2. स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | 3. शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गरिएको । |
| | 4. पाठ्यक्रम कार्यान्वयन अनुगमन र सुधार गर्ने। |
| | 5. विद्यार्थीको सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने। |
| 7. विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | 1. आवश्यक शिक्षक दरबन्दी पहिचान मिलान र पूर्ति गर्ने। |
| | 2. विषयगत दक्षताअनुसार शिक्षक नियुक्ति गर्ने। |
| | 3. शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने। |
| | 4. शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने। |
| | 5. शिक्षक– विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने। |
| 8. सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | 1. विद्यालयमा ICT उपकरण र राम्रो इन्टरनेट सुविधा उपलब्ध गर्ने। |
| | 2. शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने। |
| | 3. डिजिटल सामग्री र प्रविधिमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने। |
| | 4. ICT को प्रयोग, अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने। |
| | 5. स्थानीय समुदायमा ICT–सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने। |

| | |
|---|---|
| 9. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | 1. समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने। |
| | 2. महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने। |
| | 3. शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने। |
| | 4. स्थानीय पुस्तकालय र सिकाइ केन्द्रको प्रयोग विस्तार गर्ने। |
| | 5. जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने। |
| 10. वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | 1. स्कूल बाहिरका बालबालिका र किशोर– किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने। |
| | 2. समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने। |
| | 3. वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने। |
| | 4. स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने। |
| | 5. शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने। |
| 11. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु | कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने। |
| | विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने। |
| | पूर्वाधारको नियमित मर्मत– सम्भार सुनिश्चित गर्ने। |
| | स्थानीय समुदाय र संघ/संस्थासँग सहकार्य गर्ने। |
| | भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने। |
| | बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने। |
| | जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने। |
| | शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने। |
| | विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने। |

## २.५ अपेक्षित उपलब्धिः

- सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ।
- सबै बालबालिकाहरुले सिप विकास तथा सुचना प्रविधीको प्रयोगको सुनिश्चितता हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

तालिका २.१

### मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | १७७.८४ | १५९.०० | १४२.०० | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ८२.४३ | ८५ | ९० | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | २२.९३ | २५ | ३८ | ६० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ११८ | ११० | १०५ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | १५.८ | २५ | ३० | ४० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | १५.५ | २५ | २८ | ३५ |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर (%) | १४.६१ | २४ | ३० | ४२ |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर (%) | ८१.५६ | ८५ | ९० | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | ७० | ७५ | ८० | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | ८० | ८५ | ९५ | १०० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%) | ६७.४६ | ६० | ४५ | २५ |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.८२ | ०.८७ | ०.९० | ०.९५ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | १२.२८ | २५ | ४० | ५० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ८३.६३ | ८५ | ९० | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ६० | ७० | ८८ | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | ६५ | ७५ | ८९ | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९५ | ०.९७ | ०.९९ | १.०० |
| २.१६ | विद्यालय वाहिर रहेका बालबालिका | १३७ | १०० | ७५ | २५ |

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|
| २.१७ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | ४४.८० | ४६ | ४८ | ५० |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ६० | ७५ | ८० | ८५ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ६५ | ७७ | ८२ | ९० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | ०. ९९ | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | ९२ | ९५ | ९८ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ५२ | ६० | ६५ | ७० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ३५ | ४५ | ६० | ७० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | १५ | २७ | ३९ | ५० |
| **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ७७ | ८२ | ८९ | १०० |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:८ | १:१२ | १:१४ | १:२० |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:१२ | १:१५ | १:१८ | १:२० |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:९ | १:१३ | १:१७ | १:२० |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:७ | १:९ | १:१५ | १:२० |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १:१० | १:१३ | १:१७ | १:२० |

स्रोतः राष्ट्रिय जनगणना २०७८ तथा जनसंख्या प्रक्षेपण, शैक्षिक सूचक २०८२ (IEMIS), शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD)।

परिच्छेद ३

# ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र




## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् ।

### वर्तमान अवस्था

फलेवास नगरपालिका अन्तर्गत जम्मा (५७ + ६) ६३ ओटा प्रारम्भिक बालविकास केन्द्रमा ६३ जना वाल विकास सहजकर्ता रहेका छन् । विद्यालयमा आधारित वाल विकास केन्द्रमा केही मात्रामा सिकाइ सामग्रीको व्यवस्था भएता पनि समुदायमा आधारित वालि विकास केन्द्रमा भने बाल सिकाइ सामग्रीको अभाव रहेको छ। वाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरुको लागि स्थानीय स्तरमा पर्याप्त तालिम प्रदान गर्न सकिएको छैन । शिक्षाको पहिलो आधार खुड्किलो पूर्व प्राथमिक शिक्षा भएता पनि यसको विकास प्रभावकारी बसाइ व्यस्थापन वालमैत्री सिकाइ वातावरणको लागि नगरले प्रयास गर्नुपर्ने देखिन्छ ।

## तालिका ३.१
## पूर्व प्राथमिक कक्षाको विद्यार्थीहरूको विवरण

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| पूर्व प्राथमिक | सामुदायिक | २७३ | २०४ | ४७७ |
| | संस्थागत | ५३ | ३२ | ८५ |
| | जम्मा | ३२६ | २३६ | ५६२ |

उदेश्यः

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- वालमैत्री सिकाइ वातावरण सिर्जना गर्नु ।

रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

**प्रमुख नतिजाः**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

**तालिका ३.२**

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार २०७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ५६२ | ५६२ | ५६८ | ५७२ | ५७६ | ५८२ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | २५ | २५ | ४० | ५० | ५५ | ५७ |
| ३ | तालिम प्राप्त सहयोगी कार्यकर्ताको सङ्ख्या | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | नमुना बाल विकास केन्द्रको सङ्ख्या | ४ | ४ | ६ | ८ | १० | ११ |
| ५ | लागत सहभागीतामा सञ्चालित बाल विकास केन्द्रको सङ्ख्या | ६ | ६ | १० | १५ | २० | २४ |

## तालिका ३.३
## प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | निरन्तर | - | - | - | - | - | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | ओटा | ५ | १० | १५ | २० | २८ | ५७ | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | निरन्तर | - | - | - | - | - | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | ओटा | | | | १ | २ | २ | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | | |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | |
| ११ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा | निरन्तर | नि | नि | नि | नि | नि | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | सुधार गर्ने | | | | | | | | |
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | |
| १८ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| २३ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | आवश्यकता अनुसार | आ अ | आ अ | आ अ | आ अ | आ अ | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासका लागि अपरिहार्य हुन्छ। राज्य सञ्चालनमा विश्वका प्रायः सबै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ। शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो। शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पूर्वाधारका रूपमा लिन सकिन्छ। नागरिकको सर्वाङ्गीण विकासको आधार नै शिक्षा हो। शिक्षा कुनै पनि देशको राष्ट्रिय पुँजी हो, जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सबल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउँछ। शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो। त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ। शिक्षाका उल्लेखित मार्गदर्शन पूरा गर्ने आधार आधारभूत शिक्षाको कुशल, सफल, मितव्ययी, समावेशी र समन्यायिक व्यवस्थापन हो। शिक्षाको आधार नै आधारभूत शिक्षा हो। आधारभूत शिक्षाको समुचित व्यवस्थापनका लागि राज्य संयन्त्रबाट तयार गरिएका संवैधानिक व्यवस्था, मार्गदर्शन, नीतिगत तथा कानुनी व्यवस्था, शिक्षा सम्बन्धी योजना, कार्यक्रम, आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधान २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनुसूची ८ को खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। संविधानको अनुसूची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। शिक्षा ऐन, २०२८ (संशोधनसहित), शिक्षा नियमावली (संशोधनसहित), २०५९ तथा शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। दिगो विकासको चौथो लक्ष्यका रूपमा गुणस्तरीय शिक्षा रहेको छ। सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनिश्चितता गर्ने। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। चालु १६औं पञ्चवर्षीय योजनाले गुणस्तरीय शिक्षा तथा दक्ष प्राविधिक जनशक्ति विकास/उत्पादन गर्ने रणनीति अवलम्बन गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

फलेवास नगरपालिका अन्तर्गत रहेका जम्मा ४८ आधारभूत तह सञ्चालित विद्यालयहरु मध्ये आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालित ८ ओटा विद्यालयहरु रहेका छन् भने माध्यमिक तह कक्षा १० सम्म सञ्चालित १३ ओटा र माध्यमिक कक्षा १२ सम्म सञ्चालित ९ ओटा विद्यालयहरु रहेका छन् । उक्त विद्यालयहरुमा आधारभूत तह १ देखि ५ सम्ममा पर्याप्त शिक्षक दरबन्धी भएता पनि प्राथमिक तहमा विषयगत शिक्षक व्यवस्थापन भइरहेको छैन । आधारभूत तह कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्ने प्रयास स्वरुप अंग्रेजी माध्यमका पाठ्यपुस्तको व्यवस्थापनको लागि थप रकम व्यवस्थापन गरिएको छ । आधारभूत तहमा वि. सं. २०७७ देखि कार्यान्वयनमा आएको स्थानीय पाठ्यक्रमको आधारमा निर्माण गरिएको "*स्थानीय विषयको पाठ्यक्रम फलेवास नगरपालिका पर्वत २०७८*" ले निर्दिष्ट गरेका सक्षमता हासिल हुने गरी तोकिएको विषयवस्तुको क्षेत्रलाई समेटी स्थानीय पाठ्यपुस्तक हाम्रो फलेवास, कक्षा १-५ विकास गरिएको छ।

**तालिका ३.४**

**आधारभूत शिक्षासँग सम्बन्धित विवरण**

| | छात्र | छात्रा | जम्मा | दलित | | | अपाङ्ग | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| **सामुदायिक विद्यालय** | ९४३ | ८९९ | १८४२ | | | | | | | |
| **संस्थागत विद्यालय** | २७७ | १६९ | ४४६ | | | | | | | |
| जम्मा | १२२० | १०६८ | २२८८ | | | | | | | |

### ३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
- आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.५ रणनीतिहरू

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने

- अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने
- अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने
- शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

- अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी समायोजन गर्ने
- नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**प्रमुख नतिजा :**

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने ।
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुने ।
- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने ।
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने ।
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने ।
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने ।
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

तालिका ३.५

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार २०८३/८४ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २६ | २६ | १५ | ५ | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी संख्या | २२८८ | २२८८ | २२९८ | २३०८ | २३१८ | २३२५ |
| ३ | आधारभूत तह (कक्षा १-८) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | २२० | २२० | २४० | २५६ | २५६ | २५६ |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १६ | १६ | २८ | ३८ | ४२ | ४८ |
| ५ | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भएका विद्यालय | १ | १ | २ | ४ | ६ | ११ |
| ६ | हरित विद्यालयको संख्या | ५ | ५ | १० | १५ | २५ | ३५ |

*स्रोत: नगरपालिका*

## तालिका ३.६
## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | आवश्यकता अनुसार | | | | | | | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | निरन्तर | | | | | | | | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | | | | | | | | |
| ४ | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि सूचक विकास तथा असल अभ्यास विस्तार | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ५ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षक क्षमता विकास | निरन्तर | | | | | | | | |
| ९ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक तथा राहत अनुदान शिक्षकका लागि तलब–भत्ता अनुदा | निरन्तर | | | | | | | | |
| १० | प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | २२ | | | २२ | | ४४ | | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | जना | सबै | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | सबै | | | | | | | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | सबै | | | | | | | |
| १६ | विपन्नकालागि ड्रेस, स्टेशनरी छात्रबृत्ति | जना | ६० | ६० | ६० | ६० | ६० | ६० | | |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| १९ | विद्यालय सुधार योजना अद्यावधिक, सामाजिक परीक्षण, आर्थिक लेखापरीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन तथा बुलेटिन प्रकाशनका लागि अनुदान। | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | कक्षा १–८ का लागि शिक्षण–सिकाइ सामग्री तथा डिजिटल सामग्री अनुदान | आवश्यकता अनुसार | | | | | | | | |
| २१ | अभिभावक अभिमुखिकरण र सहभागिता | विद्यालय | | २२ | | २२ | | ४४ | | |
| २२ | अतिरिक्त क्रियाकलाप संचालन | पटक | २४ | २४ | २४ | २४ | २४ | १२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | | | ० | | |
| २३ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रभावकारी प्रयोग | विद्यालय | सबै | | | | | | | |
| २४ | निरन्तर विद्यार्थी मूल्याङ्कन, सुधारात्मक शिक्षण तथा पोर्टफोलियो व्यवस्थापन अनुदान | विद्यालय | सबै | | | | | | | |
| २५ | कक्षा १–५ का लागि **Book Corner** अनुदान | विद्यालय | सबै | | | | | | | |
| २६ | प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि सूचक विकास | निरन्तर | | | | | | | | |
| २७ | स्थानीय बाल अधिकार समिति गठन तथा सक्रियता | | १ | १ | १ | १ | १ | | | |
| २८ | आधारभूत परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९– १२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

फलेवास नगरपालिकाभित्र साधारण, प्राविधिक तथा व्यावसायिक धारका गरी *जम्मा १३ ओटा माध्यमिक सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन्। तीमध्ये कक्षा १० सम्म सञ्चालित १३ ओटा र कक्षा १२ सम्म सञ्चालित ९ ओटा विद्यालय रहेका छन्।* माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार हुँदै गएको देखिए पनि समग्र शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन सकेको छैन। कक्षा ९–१२ को खुद भर्नादर ६० प्रतिशत पुगेको देखिएकाले कक्षा १ मा भर्ना भएका सबै बालबालिका कक्षा १२ सम्म पुग्ने दर अझै न्यून रहेको छ। विशेषगरी कक्षा ८ र १० पछि विद्यालय छाड्ने प्रवृत्ति उल्लेखनीय देखिन्छ।

आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पछाडि परेका समुदाय, विशेषगरी दलित, विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाको विद्यालय पहुँच र निरन्तरता कमजोर देखिएको छ। सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षक अभाव, दरबन्दी न्यूनता तथा स्रोत–साधनको कमीका कारण शिक्षण–सिकाइ प्रक्रियामा प्रभाव परेको छ। कक्षा ९–१० मा स्वीकृत दरबन्दी ६२ र राहत ११ शिक्षक कार्यरत रहे पनि अधिकांश विद्यालयमा शिक्षक अभाव कायमै छ। त्यसैगरी कक्षा

११–१२ मा १५ शिक्षक कार्यरत रहे पनि अधिकांश विद्यालयमा पर्याप्त विषयगत शिक्षक नहुँदा गुणस्तरीय शिक्षामा चुनौती सिर्जना भएको छ।

*हाल नगरपालिका भित्र सामुदायिक विद्यालयमा विज्ञान विषयमा १ ओटा, कानून विषयमा १ ओटा र कृषि प्राविधिक विषयमा १ ओटा विद्यालयमा पढाई हुने गरेको छ । विषयगत सिकाइ उपलब्धि सुधार गर्न गणित, अङ्ग्रेजी, नेपाली र विज्ञान विषयका शिक्षक समूह निर्माण गरिएको छ र अन्य विषयका शिक्षक समूह समेत गठन गर्ने तयारी रहेको छ। एसईई २०८२ को नतिजा गत वर्षको तुलनामा सन्तोषजनक रहेको छ। यस वर्ष नियमित तर्फ ७५ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् र गत वर्षको तुलनामा करिब २२ प्रतिशतले नतिजामा सुधार भएको छ। ४ ओटा विद्यालयले शतप्रतिशत ग्रेडेड नतिजा हासिल गरेका छन्।*

कक्षा १० र १२ का सार्वजनिक परीक्षाको नतिजाले केहि विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको अवस्था देखाएको छ। यसले उच्च शिक्षामा पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा प्रत्यक्ष प्रभाव पारेको छ। शिक्षण–सिकाइलाई प्रभावकारी बनाउन शिक्षकलाई नयाँ ज्ञान, सिप, प्रविधि तथा आधुनिक शिक्षण पद्धतिमा अद्यावधिक गराउनु आवश्यक देखिन्छ। साथै, विद्यालयमा सूचना प्रविधिमैत्री सिकाइ वातावरण, प्रयोगशाला, पुस्तकालय तथा व्यावसायिक शिक्षाका पूर्वाधार विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखे पनि सीमित विषय र पूर्वाधारका कारण इच्छुक युवाहरूलाई पर्याप्त अवसर उपलब्ध गराउन सकिएको छैन। स्थानीय स्तरमै रोजगारमुखी तथा सिपमूलक शिक्षा विस्तार गर्न थप प्राविधिक विषय सञ्चालन आवश्यक देखिन्छ। साथै, शिक्षा शाखामा जनशक्ति व्यवस्था भए तापनि प्रशासनिक कार्यभार बढी भएकाले विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेसागत सहयोग प्रणाली अपेक्षाकृत कमजोर रहेको छ। त्यसैले विद्यालय व्यवस्थापन, शिक्षक क्षमता विकास, नियमित अनुगमन तथा समुदायको सक्रिय सहभागितामार्फत फलेवास नगरपालिकाको माध्यमिक शिक्षाको गुणस्तर सुधार गर्नु आजको प्रमुख आवश्यकता बनेको छ।

### तालिका ३.७
### माध्यमिक तहको विद्यार्थी सङ्ख्या

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| कक्ष ९-१० | सामुदायिक | २८४ | २७४ | ५५८ |
| | संस्थागत | ० | ० | |
| | जम्मा | २८४ | २७४ | ५५८ |
| कक्षा ११ र १२ | सामुदायिक | १३३ | १४१ | २७४ |
| | संस्थागत | ० | ० | |
| | जम्मा | १३३ | १४१ | २७४ |
| कुल जम्मा | | ४१७ | ४१५ | ८३२ |

### तालिका ३.८
### माध्यामिक शिक्षाको वर्तमान अवस्था

| सि.नं. | विवरण | संख्या/दर | कैफियत |
|---|---|---|---|
| १ | कुल भर्नादर (९-१२) | ६५ प्रतिशत | |
| २ | खुद भर्नादर(९-१२) | ६० प्रतिशत | |
| ३ | कक्षा १० पूरा गर्ने दर | ५२ प्रतिशत | |
| ४ | कक्षा १० को टिकाउदर | ५८ प्रतिशत | |
| ५ | शिक्षक विद्यार्थी अनुपात (९-१२) | १ : १० | |
| ६ | कक्षा दोहोऱ्याउने दर (९-१०) | ४.३ प्रतिशत | |
| ७ | कक्षा छाड्ने दर (९-१०) | २.१ प्रतिशत | |
| ८ | तालिम प्राप्त माध्यमिक शिक्षक प्रतिशत | ६० प्रतिशत | साबिकका उच्च माध्यमिक र करार सेवामा कार्यरत शिक्षकहरूमध्ये उल्लेखनीय संख्याले कुनै पनि पेशागत तालिम प्राप्त गरेका छैनन्। |

## ३.३.४ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्रीए समावेशी र सुरक्षित बनाउनु

## ३.३.५ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- निशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,

- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

## उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजाः**

- सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धताए उत्प्रेरित शिक्षकको व्यवस्थापनए प्रविधिको समुचित प्रयोगए र उचित सिकाइ वातावरणको निर्माण भएको हुने
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- माध्यमिक शिक्षाको भर्ना सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक भौगोलिक सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने
- माध्यमिक विद्यालयहरू प्रकोप सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने।

### तालिका ३.९
### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८३/८४) | (२०८३/८४) | २०८४/८५ | २०८४/८५ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५५८ | ५५८ | ५६५ | ५७० | ५८० | ५९० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २७४ | २८० | २९० | ३०० | ३१० | ३१० |
| ४ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी सङ्ख्या | २६ | ३६ | ४० | ४५ | ५० | ५५ |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | २ | २ | ५ | ६ | ८ | १० |
| ६ | तालिम प्राप्त शिक्षक सङ्ख्या | ५२ | ५२ | ५५ | ६० | ६२ | ७२ |

| क.सं. | सूचक | आधार वर्ष (२०८३/८४) | (२०८३/८४) | २०८४/८५ | २०८४/८५ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| ७ | पुस्तकालय विज्ञान प्रयोगशाला आइसीटी ल्याब सञ्चालन भएका विल्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ८ | उपचारात्मक शिक्षण सिकाइमा सहभागी हुने विद्यार्थी सङ्ख्या | २० | २० | ७० | १२० | १५० | १५० |
| ९ | हरित विद्यालयको सङ्ख्या | २ | २ | ५ | ८ | १० | १३ |
| १० | शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | १ | ३ | ४ | ५ | ५ |

*स्रोतः नगरपालिका*

## तालिका ३.१०
## माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय तह |
| ३ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,) | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था गर्ने | माध्यमिक विद्यालय | २ | | | | | २ | | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ र स्थानीय तह |
| ६ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | जना | २६ | २६ | २६ | २६ | २६ | | | सङ्घ, र स्थानीय तह |
| ७ | डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान | जना | सबै | सबै | सबै | सबै | सबै | | | |
| ८ | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | स्थानीय तह | १ | १ | १ | १ | १ | ५ | | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय | निरन्तर | १ | १ | १ | १ | | | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ - १२ | ९ - १२ | ९ - १२ | ९ - १२ | ९ - १२ | | | Compulsory subjects only for 11/12 |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | | |
| १४ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | निरन्तर | | | | | | | | |
| १५ | विद्यालय शिक्षालाई प्रकोप, संकट र महामारीजस्ता अवस्थाप्रति उत्थानशील बनाउने | आवश्यकता | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुसार | | | | | | | | |
| १६ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम | निरन्तर | | | | | | | | |
| १७ | कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि लागि अनुदान | निरन्तर | १ | १ | १ | १ | १ | | | |
| १८ | स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य–दृश्य सामग्री प्रयोग विस्तार गर्ने | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | | |
| १९ | कक्षाकोठामा आधारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| २० | सङ्गित तथा नृत्य, वादविवाद, हाजिरी जवाफ र वक्तृत्वकला, निबन्ध र कविता लेखन प्रतियोगिता | निरन्तर | | | | | | | | |
| २१ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | निरन्तर | | | | | | | | |

## ३.४ अनौपचारिक तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन । आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ सिकाइ जीवन पद्धतिसंग जोडिएको हुनेछ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरबृद्धि शिक्षासंग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप

सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९—२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवम सिकाइ संस्कृतिको प्रवद्र्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवम चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

पर्वत जिल्लामा विभिन्न पालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा संचालन हुदै आएका छन । यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि पालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसंग समेत जोडी महिलाको समुह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिए । गाउँगाउँमा महिलाहरूको समुह बनाइ आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिऊ पूँजी वितरण गरियो । समुहको महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्युनतम ब्याजमा त्यो रकमलाई वितरण गर्न र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहदै आयो । फलेवास नगरपालिकामापालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट पालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता प्रतिशत माथि पुगेको छ । नगरपालिकामा ८ ओटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा

विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपयन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाहरूले अनौपचारिक तथा जीवनप्रयन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपयन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिँदैन। आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले नगरपालिकाको साक्षरतासम्बन्धी तथ्याङक अद्यावधिक हुन नसकिरहेको अवस्था छ ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. अनौपचारिक तथा निरन्तर एवंम जीवन प्रयन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

२. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.४ रणनीतिहरू

१. नगरपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ ।

२. सामुदायिक सिकाइ केन्द्रलाई सदृढिकरण गरी अनौपचारीक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

४. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायीक बनाउन सहयोग गरिने छ ।

५. सामुदायिक सिकाइ केन्द्रहरु मार्फत मत र अभिमत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड दिइने छ ।

६. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।

७. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।

८. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

९. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।

१०. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

११. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ३.४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपयन्त सिकाइको अवसर प्राप्त हुनेछ ।

### ख) प्रमुख नतिजा

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने
३. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
४. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
६. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने।

तालिका ३.११

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८३/८४ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) (%) | ७१ | ७३ | ७५ | ७७ | ८० | ८५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | १ | १ | १ | २ | ३ | ४ |

*स्रोतः नगरपालिका*

## तालिका ३.१२
## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २ | ३ | ४ | ५ | | | |
| घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सामुदायिक सिकाई केन्द्रहरुको क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सामुदायिक सिकाई केन्द्रहरुको व्यवस्थापन अनुदान | वटा | ८ | ८ | ८ | ८ | ८ | ८ | १३ | |
| आजिवन सिकाईका कार्यक्रमहरु सामुदायिक सिकाई केन्द्र मार्फत संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| सीप विकास र आयआर्जनमा कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| तह १ र २ को अनौपचारिक सिकाईको माध्यमबाट सिकेका ज्ञान सीपलाई प्रमाणिकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| अनौपचारिक तथा आजिवन सिकाईको तथ्यांक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

परिच्छेद ४

4

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र



## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१ १. परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के–के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुँदैन, यसले देश, काल र परिस्थिति अनुसार विद्यार्थीमा विकास गरिनुपर्ने ज्ञान, सिप, अभिवृत्ति तथा क्षमतासँग पनि सम्बन्ध राख्दछ । के पढाउने, कसरी पढाउने, कुन–कुन क्रियाकलापका माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि हासिल गराउने तथा विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुराको आधार पनि पाठ्यक्रम नै हो । मानवीय चेतना र बौद्धिक विकासका उद्देश्य पूरा गर्नु, बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता तथा संस्कृतिको संरक्षण, हस्तान्तरण र विकास गर्नु तथा शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्नु पाठ्यक्रमका प्रमुख उद्देश्यहरू हुन् ।

पाठ्यक्रम कार्यान्वयनको प्रमुख माध्यम पाठ्यपुस्तक हो । पाठ्यपुस्तकले पाठ्यक्रममा समावेश विषयवस्तुलाई व्यवस्थित रूपमा विद्यार्थीसमक्ष प्रस्तुत गरी सिकाइ प्रक्रियालाई सरल, प्रभावकारी र उद्देश्यपरक बनाउँछ । नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था गरिएको छ । सूचना तथा सञ्चार प्रविधिको पहुँच सीमित रहेको ग्रामीण तथा दुर्गम क्षेत्रमा पाठ्यपुस्तक अझै पनि सिकाइको मुख्य स्रोतका रूपमा रहेको छ ।

पाठ्यपुस्तकका अतिरिक्त सिकाइ सामाग्रीले शिक्षण सिकाइ प्रक्रियालाई अझ प्रभावकारी, व्यवहारिक र विद्यार्थी केन्द्रित बनाउन सहयोग पुऱ्याउँछ । चार्ट, चित्र, नक्सा, नमुना, प्रयोगात्मक सामग्री, पुस्तकालय, डिजिटल सामग्री, सूचना प्रविधिमा आधारित सामग्री लगायतका सिकाइ सामाग्रीले विद्यार्थीमा सिर्जनात्मकता, विश्लेषण क्षमता तथा व्यवहारिक सिप विकास गर्न मद्दत गर्दछन् । स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामाग्रीको प्रयोगले सिकाइलाई अझ जीवनोपयोगी र सान्दर्भिक बनाउँछ ।

त्यसैगरी मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धि, क्षमता, रुचि तथा कमजोरी पहिचान गरी सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । मूल्याङ्कन केवल परीक्षा केन्द्रित नभई निरन्तर, व्यवहारिक र उपलब्धिमूलक हुनुपर्दछ । कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, सहभागिता, सिर्जनात्मक कार्य तथा लिखित परीक्षामार्फत विद्यार्थीको समग्र विकासको मूल्याङ्कन गरिन्छ । यसरी पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन एकअर्कासँग अन्तरसम्बन्धित भई गुणस्तरीय शिक्षाको आधार निर्माण गर्दछन् ।

## ४.१. २ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । त्यसपछि शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भई विद्यालय तहका पाठ्यक्रमको विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य निरन्तर रूपमा हुँदै आएको छ । विद्यालय शिक्षाको वर्तमान आवश्यकता, सूचना प्रविधिको विकास, स्थानीय आवश्यकता तथा विश्वव्यापी प्रतिस्पर्धालाई मध्यनजर गर्दै वि.सं. २०७६ मा नयाँ राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएको हो । सोही अनुसार वि.सं. २०७७ देखि क्रमशः कक्षा १ र १२ मा नयाँ पाठ्यक्रम कार्यान्वयन सुरु भई हाल विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयनमा आएको अवस्था छ ।

फलेवास नगरपालिकामा संघीय तथा प्रदेश सरकारद्वारा निर्धारण गरिएको राष्ट्रिय पाठ्यक्रमअनुसार विद्यालयहरूमा शिक्षण सिकाइ कार्य सञ्चालन हुँदै आएको छ । नगरपालिकाले स्थानीय आवश्यकता, भाषा, संस्कृति, भूगोल, कृषि, पर्यटन, वातावरण तथा स्थानीय जीवनशैलीलाई समेटेर आधारभूत तहका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । स्थानीय पाठ्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय विषयवस्तुमा आधारित पाठ्यसामाग्री विकास गर्ने कार्य पनि क्रमशः अगाडि बढाइएको छ ।

पाठ्यपुस्तक व्यवस्थापनतर्फ नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि कक्षा १ देखि १० सम्म सबै निःशुल्क र ११ र १२ मा अनिवार्य विषयका पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गरेको छ । फलेवास नगरपालिकाका अधिकांश विद्यालयमा शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक वितरण गर्ने प्रयास भएको छ ।विद्यालयहरूमा शिक्षक निर्देशिका तथा सहायक सन्दर्भ सामग्रीको प्रयोग क्रमशः बढ्दै गएको छ । स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरू कक्षा ५ सम्म तयार गरी प्रयोगमा ल्याइएको छ भने कक्षा ६ देखि ८ सम्मका पाठ्यपुस्तकहरू तयारीको चरणमा रहेका छन् ।

सिकाइ सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउन विद्यालयहरूमा चार्ट, नक्सा, मोडेल, विज्ञान प्रयोग सामग्री, गणितीय सामग्री, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिमा आधारित सामग्री,

कम्प्युटर, प्रोजेक्टर तथा इन्टरनेटको प्रयोग हुँदै आएको छ । केही विद्यालयहरूले स्थानीय स्रोत र साधन प्रयोग गरी शिक्षण सामग्री निर्माण गर्ने अभ्यास गरेका छन् । प्रारम्भिक कक्षाहरूमा एकीकृत पाठ्यक्रम अनुसार क्रियाकलापमा आधारित सिकाइ तथा बालमैत्री शिक्षण पद्धतिलाई प्राथमिकता दिइएको छ । तथापि सबै विद्यालयमा पर्याप्त सिकाइ सामाग्री, प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधिको समान पहुँच भने अझै सुनिश्चित हुन सकेको छैन ।

मूल्याङ्कन प्रणालीतर्फ आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनमा रहेको छ भने सबै तहमा अक्षराङ्कन प्रणाली अनुसार नतिजा प्रकाशन गर्ने व्यवस्था लागू गरिएको छ । विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्न लिखित परीक्षा, परियोजना कार्य, प्रयोगात्मक कार्य, सामुदायिक कार्य, कक्षाकार्य, गृहकार्य तथा व्यवहारिक अभ्यासलाई समावेश गर्ने प्रयास गरिएको छ । विषयको प्रकृति अनुसार प्रयोगात्मक तथा परियोजनामूलक कार्यलाई समेत महत्त्व दिइएको छ । विद्यालयहरूले विद्यार्थीको सिकाइ सुधारका लागि पृष्ठपोषणमूलक मूल्याङ्कन प्रणाली अपनाउने अभ्यास गरिरहेका छन् ।

## ४.१.३ चुनौतीहरू तथा अवसरहरू

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि विषयगत दक्ष शिक्षकको अभाव, नयाँ पाठ्यक्रम सम्बन्धी पर्याप्त अभिमुखीकरणको कमी, सूचना प्रविधिमा आधारित सिकाइ सामाग्रीको सीमितता, प्रयोगशाला तथा पुस्तकालयको अपर्याप्त व्यवस्था, स्थानीय पाठ्यसामाग्री विकासमा प्राविधिक तथा आर्थिक कठिनाइ, तथा अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि अनुकूल सिकाइ सामग्रीको अभाव प्रमुख चुनौतीका रूपमा रहेका छन् । त्यसैगरी सबै विद्यालयमा व्यवहारिक तथा परियोजनामूलक मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न थप क्षमता विकास आवश्यक देखिन्छ ।

यद्यपि माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन, शिक्षक निर्देशिकाको उपलब्धता, सूचना तथा सञ्चार प्रविधिको क्रमिक विस्तार, बालमैत्री तथा क्रियाकलापमा आधारित शिक्षण पद्धतिको प्रयोग, तथा मूल्याङ्कन प्रणालीमा सुधारका प्रयासहरू फलेवास नगरपालिकाका लागि महत्त्वपूर्ण अवसरका रूपमा रहेका छन् । स्थानीय स्रोत, संस्कृति तथा वातावरणमा आधारित शिक्षण सिकाइ प्रक्रियाले शिक्षालाई थप व्यवहारिक, जीवनोपयोगी र गुणस्तरीय बनाउने सम्भावना रहेको छ ।

### ४.१.४ उद्देश्य

- विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु
- पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने
- विपद् ,महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्ने
- शिक्षकको पेसागत सक्षमता विकास गर्ने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तको विकास एवम् कार्यान्वयन गर्ने
- स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुने छ।

**प्रमुख नतिजाः**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण  भएको हुने,
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।

तालिका ४.१

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १७ | २२ | ४२ | ४२ | ४२ |
| ३ | निरन्तर विद्यार्थी मूल्यांकन तथा परीक्षा संचालन | सबै | १ | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ | १७ | १७ | २२ | ५४ | ५४ |
| ६ | पाठयक्रम प्रवोधिकरण | | आवश्यकता अनुसार | | | | |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण (कक्षा) | १–८ | १–८ | १–८ | १–८ | १–८ | १–८ |
| ८ | स्थानीय पाठ्यपुस्तक विकास | १–५ | ६–८ | १–८ | १–८ | १–८ | १–८ |
| ९ | | | | | | | |

तालिका ४.२

पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखिकरण | सङ्ख्या | ८० | | | | | ८० | | स्थानीय तह |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | | स्थानीय तह,मानव संसाधन केन्द्र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक पेसागत सहयोग पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | ओटा | २ | ४ | ३ | ४ | ५ | १८ | | विद्यालय,सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १० | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | सबै विद्यालय का कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | | | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्त्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात कायम गर्न समस्या रहेको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, **कार्यशाला**, सेमिनार, कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालय तथा शिक्षण संस्थाहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने तथा शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोग ले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूको नियुक्ति तथा पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । त्यसैगरी अस्थायी तथा करार शिक्षक नियुक्ति, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा विद्यालय व्यवस्थापनसम्बन्धी कार्यहरू पनि स्थानीय तहकै जिम्मेवारीमा रहेका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, हालको *शिक्षा तथा खेलकुद* मन्त्रालयले गर्दै आएको छ भने शिक्षक तालिमसम्बन्धी पाठ्यक्रम निर्माण, प्रमाणीकरण तथा प्रशिक्षक तयारी गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्र ले गर्दै आएको छ । शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा पेसागत सहयोग कार्यक्रमहरू प्रदेश शिक्षा तालिम केन्द्रमार्फत सञ्चालन हुँदै आएका छन् ।

फलेवास नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमा बालविकास, प्राथमिक, आधारभूत तथा माध्यमिक तहमा संघीय, प्रदेश तथा नगर अनुदानका शिक्षकहरू कार्यरत रहेका

छन् । तर विद्यालयहरूको भौगोलिक अवस्था, विद्यार्थी सङ्ख्यामा कमी, विषयगत शिक्षक अभाव तथा सीमित दरबन्दीका कारण शिक्षक–विद्यार्थी अनुपात सन्तुलित हुन सकेको छैन । विशेषगरी माध्यमिक तहमा विज्ञान, गणित र अङ्ग्रेजी विषयका दक्ष शिक्षक अभाव चुनौतीका रूपमा रहेको छ ।

नगरपालिकामा केही विद्यालयमा पर्याप्त शिक्षक उपलब्ध भए पनि धेरै विद्यालयमा दरबन्दी न्यून रहेको अवस्था छ । कतिपय विद्यालयहरू करार तथा निजी स्रोतका शिक्षकको भरमा सञ्चालन भइरहेका छन् । यसले शिक्षण सिकाइ प्रक्रियाको गुणस्तरमा असर परेको देखिन्छ । *कतिपय विद्यालयहरूमा विद्यार्थी संख्या अत्यन्त न्यून भएकाले शिक्षक दरबन्दी पुनर्व्यवस्थापन तथा विद्यालय समायोजन गर्नुपर्ने अवस्था रहेको छ।* त्यसैले विषयगत शिक्षक व्यवस्थापन, शिक्षक क्षमता विकास, नियमित अनुगमन तथा पेसागत सहयोग प्रणालीलाई प्रभावकारी बनाउँदै लैजान आवश्यक देखिन्छ ।

### ४.२.३ उद्देश्य

- विषयगत र कक्षागत रुपमा शिक्षक दरवन्दी व्यवस्थापन गर्नु
- विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,

२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,

३. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । *यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,*

४. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,

५. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,

६. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने।

७. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने ।

८. नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्पत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।

९. शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।

१०. कार्ययोजना, शैक्षिक योग्यता, अनुभव, विद्यालय विकास योजना (School Development Plan) लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

**प्रमुख नतिजाः**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

तालिका ४.३

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ६३ | ६३ | ६३ | ६३ | ६३ | ६३ |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक | २४५ | २४८ | २५० | २५६ | २५६ | २५६ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त | ६५ | ६५ | ७० | ७३ | ७५ | ७७ |

| क्रसं | सूचक | आधार वर्ष २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| | शिक्षक | | | | | | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ४५ | ५५ | ६४ | ७० | ८६ | ९५ |

## तालिका ४.४
## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | कक्षा (६-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विज्ञान प्रयोशाला | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | | १ | १ | १ | १ | १ | ५ | | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २९ | विद्यालय किशोरी पोषण, मनोपरामर्श तथा प्रजनन शिक्षा | पटक | निरन्त | निरन्तर | निरन्त | निरन्त | निरन्त | निरन्त | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी तालिम कार्यक्रम | | र | | र | र | र | र | | |
| ३० | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# ४.३ शिक्षामा समता र समावेशीकरण

## ४.३.१ परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । फलेवास नगरपालिका एउटा विविधताले भरिपूर्ण पालिका हो । यसमा नेबार, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस पालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

- पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरु बिच गरिने

समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण र अत्यावश्यक छ ।

- ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अथपूर्ण सहभागितामा कार्य गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्तो बाधाहरु ठाउँ पिच्छे फरक छन । यस्ता चुनौतिहरु हटाइ विविधता अनुकुल हुने गरी शिक्षामा सबैका सहज पहुँच सहभागिता तथा सिकाइका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो ।

## ४.३.२ वर्तमान अवस्था

- पालिकामा समुदायमा आधारित बाल विकास सहित ५७ ओटा विद्यालयहरु संचालनमा रहेका छन । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन । कतिपय विद्यालयहरुमा शारिरीक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच बृद्धिका लागि छात्रबृत्ति प्रदान गर्ने गरिएको छ ।
- त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु, सडक बालबालिकाहरु, रोगहरुबाट पीडित बालबालिकाहरु, अभिभावक र सहाराबिहीन बालबालिकाहरु रहेको समुदाय छ । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिनरहेकाले त्यस्ता प्रकारका बालबालिकाहरु विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ ।
- विद्यालय भर्ना भएका बालबालिकाहरुलाई तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । खासगरी आधारभूत तहको कक्षा १—८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत

गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुको छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षा पढाईलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । पालिकाले धेरै महत्त्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।

### ४.३.३ उद्देश्य

- लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
- लक्षित समूहका बालबालिकाहरुको सिकाइ सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

### ४.३.४ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी  बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।

२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।

३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।

४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।

५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।

६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।

७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।

८. विद्यालयहरूमा बिशेषतः छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

९. प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने छ ।

१०. सबै तह र प्रकारका विद्यालयहरुमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने ।

### ४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

#### ख) प्रमुख नतिजा

१. अपाङ्गता, गरिव, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।

२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चितहुने ।

३. लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एवम प्रोत्साहन प्राप्त गरेको हुने ।

४. विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवंम सबै प्रकारका विभेदको अन्त भएको हुने ।

तालिका ४.५

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | शिक्षामा समता र समावेशीकरण | आधार बर्ष २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २४ | २४ | २० | १६ | १० | ५ |
| २ | आधारभूत तहमा स्थानीय पाठ्यक्रम प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ३ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९८ | ०.९९ | १ | १ | १ |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ | १ | १ | १ |
| ५ | अपाङ्गमैत्री विद्यालय सङ्ख्या | ५ | ५ | १० | १५ | १७ | २१ |

*स्रोतः नगरपालिका*

## तालिका ४.६
## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| | | | | | | | | | | |
| ३ | प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने, गुनासो व्यवस्थापन तथा समाधान प्रणाली सञ्चालन गर्ने | विद्यालय | ३० | ३४ | ४३ | ५० | ५५ | ५७ | | |
| ४ | किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | १५ | १६ | १८ | २० | २२ | २५ | | |
| ५ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | लक्षित, वञ्चित तथा सीमान्तकृत बर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | १५०० | १५०० | १६०० | १७०० | १८०० | | | |
| ७ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | आवश्यक तानुसार |
| ८ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

(विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम)

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाईसंग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाई सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०८३/२०८४ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ८ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु २० बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।

### ४.४.२ बर्तमान अवस्था

फलेवास नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सामुदायिक विद्यालयहरूमा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय निर्माण गरिएको छ भने केही विद्यालयमा थप सुधार तथा निर्माण कार्य भइरहेको छ । विद्यालयहरूमा स्वच्छ खानेपानी, हात धुने व्यवस्था तथा सरसफाइसम्बन्धी आधारभूत पूर्वाधार विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ ।

*कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रमअन्तर्गत निःशुल्क सेनिटरी प्याड वितरण कार्य सञ्चालन हुँदै आएको छ । यस* कार्यक्रमले छात्राहरूको विद्यालय उपस्थितिमा सुधार ल्याउन तथा महिनावारीसम्बन्धी सचेतना अभिवृद्धि गर्न सहयोग पुगेको देखिन्छ । साथै विद्यालयहरूमा प्राथमिक उपचार सामग्री, स्वास्थ्य सचेतना कार्यक्रम तथा किशोरीहरूका लागि आइरन चक्की वितरण कार्य पनि सञ्चालन हुँदै आएको छ ।

नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमबाट विशेषगरी आर्थिक रूपमा कमजोर तथा दुर्गम क्षेत्रका बालबालिकाहरू लाभान्वित भएका छन् । दिवा खाजाले विद्यार्थीहरूको विद्यालय उपस्थितिदर वृद्धि गर्न, पोषण सुधार गर्न तथा सिकाइमा सकारात्मक प्रभाव पार्न सहयोग पुगेको देखिन्छ ।

विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमलाई अझ प्रभावकारी बनाउन स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्वास्थ्य संस्थाबीच समन्वय र सहकार्य आवश्यक देखिन्छ । साथै सबै विद्यालयमा सुरक्षित खानेपानी, नियमित स्वास्थ्य परीक्षण तथा बालमैत्री वातावरण सुनिश्चित गर्न थप प्रयास आवश्यक रहेको छ ।

### ४.४.३ उद्देश्यहरु :

१) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

२) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी

सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

१. बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

२. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

४. विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

५. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

#### ख) प्रमुख नतिजाहरू

१. विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ ।

२. दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

३. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ७ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

४. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

५. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक किशारीहरुको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

६. विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

### तालिका ४.७

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | ९६ | ९८ | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | ९९ | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ८ सम्म | ८ सम्म | ८ सम्म | ८ सम्म | ८ सम्म |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | २ | १७ | ३० | ४५ | ४८ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | २१ | ३१ | ३५ | ३८ | ४८ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | ५ | १३ | २४ | ३५ |
| ७ | स्यानिटरी प्याड वितरण गर्ने विद्यालय सङ्ख्या | २१ | २१ | २१ | २१ | २१ |
| ७ | दिवा खाजाको सूची राख्ने विद्यालय सङ्ख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ |

स्रोतः नगरपालिका

तालिका ४.८

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २ | ३ | ४ | ५ | | | |
| विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयहरुमा सेनेटरी प्याड लगायत सफाईका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विद्यालयमा सरसफाईको लागि साबुन, पानी लगायतका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजाको लागि आवश्यक सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

## ४.५.१ परिचय

विश्वमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यका साथ र बालकालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदै सिकाईलाई निरन्तरता दिनको लागि बैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिनेछ । यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई संरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र संचालन गर्ने

रहेको छ । यस अवधारणा अन्तगत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएका हुनेछ ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दिर्घकालिन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ । समय समयमा भएका नेपाल बन्द हडताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन २०२१–२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ । यस महत्वलाई मध्यनजर गर्दै गाउँपालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा बर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धीहरु समावेश गरिएको छ ।

## ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाका सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ । बृहत विद्यालय न्युनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाई पूर्वाधार, विपद जोखिम व्यस्थापन, विपद जोखिमका न्युनिकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत तथा विपदको समयमा समेत विद्यालय शिक्षालाई कायम राखि राख्नु पर्ने कुरालाई जोड दिएका छन ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्तो विपदले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन । पर्वतको फलेवास समेत यो समस्याबाट अछुतो रहन सकेको छैन । विकट भौगोलिक अवस्था भएको नगरपालिकाका विद्यालयहरु पनि विषेश पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन । कोभिड-१९ को विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताको आधारमा लागु गर्ने तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाई सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन परियोजना पाठहरु, स्वअध्ययन, दर तथा खुल्ला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा

केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठयाक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन । तरपनि विगतका अभ्यासहरुको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ । तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथ स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तादाम्यता मिलाउने ? योजना अल्पकालिन बनाउने कि दिर्घकालिन बनाउने भन्ने जस्ता चुनौतिहरु भने रही रहेका छन । यस्ता चुनौतिहरुलाई विचार गर्दै नगरपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरुलाई महत्वकासाथ सम्बोधन गर्नु पर्दछ ।

## ४.५.३ उद्धेश्यहरु

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

२. संभावित विपदको व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासको लागि भौतिक, मानविय तथा आर्थिक श्रोतको व्यवस्थापन गर्नु,

३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

## ४.५.४ रणनीति

प्रकोप, विपत् तथा महामारीको पूर्वानुमान अनुसार संघीय सरकारले बनाएका कार्यविधिहरूको कार्यान्वयनका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ ।

१. विपद्बाट जोगिनका लागि विद्यार्थीहरूमा जनचेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. स्थानीय सरोकारवाला तथा विज्ञहरूसँग अन्तरक्रिया र छलफल गरी स्थानीय स्तरमा तहगत रूपमा वैकल्पिक सिकाइ पाठयोजना तयार पारिनेछ ।

३. स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरूसँग समन्वय गरिनेछ ।

४. विपत् प्रतिरोधी पूर्वाधारहरूको निर्माणमा जोड दिइनेछ ।

५. स्थानीय विज्ञहरू समेत समेटी नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समितिमा विद्यालय शिक्षासम्बन्धी उपसमिति समेत गठन गरी कार्यसम्पादन गरिनेछ ।

६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गरिनेछ ।

७. महामारीका समयमा शिक्षण-सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गरिनेछ ।

८. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ ।

९. विद्यालय सुधार योजनामा विपत् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गरिनेछ ।

१०. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकाससम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

११. विपत्को अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण-सिकाइ क्रियाकलाप अगाडि बढाइनेछ ।

१२. खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्सांकन गरिनेछ ।

१३. विपत् व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गरिनेछ ।

१४. प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरिनेछ ।

१५. प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गरिनेछ ।
१६. जनशक्ति व्यवस्थापनसम्बन्धी तालिम तथा गोष्ठीको व्यवस्था गरिनेछ ।
१७. उद्धार तथा राहत व्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ ।
१८. शैक्षिक क्षतिको मूल्यांकन गरिनेछ ।
१९. ई-लर्निङ सिकाइमा पहुँच सुनिश्चित गरिनेछ ।

### क) उपलब्धी

आपतकालिन तथा संकटका समयमा समेत नगरपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुले बैकल्पिक माध्यमबाट भएपनि सिकाईलाई निरन्तरता दिनेछन् ।

### ख) नतिजा

१. विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भइ आवश्यकताका आधारमा लागु हुनेछ ।

२. प्रकोप महामारीमा समेत सिकाई निरन्तर हुनेछ ।

३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

### तालिका ४.९
### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | १२ | १२ | १९ | २७ | ३६ | ५१ |
| २ | हरित विद्यालय सङ्ख्या | २ | २ | १० | १७ | २४ | ३१ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १५ | २५ | ३३ | ३९ | ४५ | ४८ |
| ४ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | १० | १० | २१ | ३० | ३५ | ४१ |

### तालिका ४.१०
### प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २ | ३ | ४ | ५ | | | |
| आतपकालिन संकटकालीन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | | | | | | | | | |
| निर्देशिकाको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | पटक | १ | | | १ | | | १ | |
| प्र.अ. लाई तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विपत् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालय सुधार योजनामा विपत् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्याथीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्याथी ०।७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्याथी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस नगरपालिकामा कूल विद्यालय सामुदायिक विद्यालय तर्फ औषत भवन संख्या माध्यमिकमा ६ आधारभुत (कक्षा १ देखि ८) मा ४ र आधारभुत (कक्षा १ देखि ५) मा ३ भवन रहेका छन । सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन । सबै विद्यालयमा खानेपानीको श्रोत रहेको र प्रायमा पानी शुद्धीकरणको व्यवस्था गरिएको छ । पालिका भरमा ३२ वटा विद्यालयमा पुस्तकालय, १८ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १० विद्यालयमा कम्प्युटर प्रयोगशाला र सबै माध्यामिक विद्यालयमा इन्टरनेट पुगेको छ । विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा सबै विद्यालयमा स्टाफ कोठा, ४५ विद्यालयमा स्टोर कोठा, १२ विद्यालयमा खेलकुद कोठा साथै ४३ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन । अधिकांस विद्यालयमो घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट

निर्माण समेत भएका छन । विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मरमत सम्भारको लागि केन्द्रबाट नियमित रुपमा सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त भईरहेको तथा राष्टपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भईरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन:

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भुमिका नहुनु ।

२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदशी एवं जवाफदेही बनाउनु ।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।

## ४.६.३ उद्देश्य

१.सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

२.पूर्वाधारहरूलाई पारदशी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने ।

## ४.६.४ रणनीतिहरू

१.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।

२.विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।

३.विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ ।

४.प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।

५.पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ ।

६.पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।

७.आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

## ४.६.५उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

### क) उपलब्धि

१.सबै विद्याथीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

### ख) नतिजा

१.माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने ।

२.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।

३.पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।

४.पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।

५.पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।
६.विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।
७.सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने ।

## तालिका ४.११
## प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८३/८४) | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | | साझेदारी संस्थाका सहयोगमा आवश्यकता अनुसार निर्माण गर्ने | | | | |
| २ | नयाँ निर्माण भएका कक्षाकोठा सङ्ख्या | | साझेदारी संस्थाका सहयोगमा आवश्यकता अनुसार निर्माण गर्ने | | | | |
| ३ | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | ० | १ | २ | २ | १ | २ |
| ४ | नयाँ निर्माण भएका शौचालय सङ्ख्या | | आवश्यकता अनुसार निर्माण गर्ने | | | | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | | आवश्यकता अनुसार कार्य गर्ने | | | | |

## तालिका ४.१२
## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २ | ३ | ४ | ५ | ५ बर्ष | १० बर्ष |
| १ | भौतिक पुर्वाधार विकास योजना निर्माण | हरेक बर्ष | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण ( खानेपानी, शौचालय, भवन, कम्पाउन्ड आदि) | प्रतिशत | ५ | १० | १० | १५ | १५ | ५५ | १०० |
| ३ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | | | | | | | |
| ४ | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षाकोठा व्यवस्थापन | | | | | | | | |
| ५ | विज्ञ समुह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मुल्यांकन | निरन्तर | | | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न ,विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र

शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ । त्यसै गरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

### ४.७.२ वर्तमान अवस्था

फलेवास नगरपालिकामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग शिक्षा क्षेत्रमा क्रमशः विस्तार हुँदै गएको छ । नगरका अधिकांश घरधुरीमा मोबाइलको पहुँच पुगेको छ भने विद्यार्थी, शिक्षक तथा युवायुवतीहरू स्मार्ट मोबाइलमार्फत इन्टरनेट, अनलाइन अध्ययन, भिडियो कल तथा सूचनामूलक सामग्री प्रयोग गरिरहेका छन् । फलेवास नगरपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार ५६२६ घरधुरीमा ५९४३ मोबाइल प्रयोगमा रहेको देखिए पनि हाल यसको सङ्ख्या अझै वृद्धि भएको छ । नगर क्षेत्रमा नेपाल टेलिकम र एनसेलका टावर उपलब्ध भएकाले सञ्चार तथा इन्टरनेट सेवा सहज बन्दै गएको छ । अधिकांश माध्यमिक विद्यालय तथा केही आधारभूत विद्यालयहरूमा कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर तथा इन्टरनेट सेवा उपलब्ध रहेको अवस्था छ । कतिपय विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला स्थापना गरिएको छ भने शिक्षक तथा विद्यार्थीहरूले अध्ययन–अध्यापन कार्यमा कम्प्युटर र मोबाइलको प्रयोग गर्न थालेका छन् ।

विद्यालय प्रशासन, परीक्षा व्यवस्थापन, नतिजा प्रकाशन, अभिलेख व्यवस्थापन तथा शैक्षिक सामग्री तयारीमा पनि सूचना प्रविधिको प्रयोग बढ्दै गएको छ ।

फलेवास नगरपालिकामा इन्टरनेट सेवाको पहुँच विस्तारसँगै विद्यालयहरूमा डिजिटल सिकाइ वातावरण विकास हुँदै गएको छ । धेरै विद्यालयहरूमा वाइफाइमार्फत इन्टरनेट जडान गरिएको छ भने शिक्षकहरूले तालिम, अनुसन्धान तथा शिक्षण सामग्री तयारीमा ICT को प्रयोग गरिरहेका छन् । विद्यार्थी तथा शिक्षकहरू युट्युब, गुगल, इमेल तथा विभिन्न शैक्षिक एप्समार्फत सिकाइ सहजीकरण गरिरहेका छन् । टिपिलिङ्क, नेपाल टेलिकम, वर्ल्डलिङ्क, पोखरा इन्टरनेट लगायतका सेवा प्रदायक संस्थामार्फत इन्टरनेट सेवा उपलब्ध भइरहेको छ । घरधुरी सर्वेक्षण, २०७५ अनुसार ५६२६ घरधुरीमध्ये २४९ घरमा मात्र इन्टरनेट सुविधा रहेको देखिए पनि हाल यसको पहुँच उल्लेखनीय रूपमा विस्तार भइरहेको छ । कोभिड–१९ पछिको समयमा अनलाइन तथा प्रविधिमैत्री शिक्षणप्रति विद्यालय र अभिभावकको चासो बढेको छ । तथापि सबै विद्यालयमा पर्याप्त कम्प्युटर, द्रुत गतिको इन्टरनेट, प्राविधिक जनशक्ति तथा नियमित विद्युत् सुविधा उपलब्ध हुन नसक्दा ICT को प्रभावकारी प्रयोगमा केही चुनौतीहरू रहेका छन् । साथै ग्रामीण तथा आर्थिक रूपमा कमजोर परिवारका सबै विद्यार्थीमा डिजिटल उपकरण र इन्टरनेटको समान पहुँच अझै सुनिश्चित हुन सकेको छैन ।

### ४.७.४ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

### ४.७..५ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,

•शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,

•सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center (DLC) स्थापना गरिने।

### ४.७..६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने ।

**प्रमुख नतिजाः**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

**तालिका ४.१३**

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५७ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ३० | ३५ | ४० | ४५ | ५० | ५७ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ | २० | २२ | २४ | २६ | ३० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३५ | ३५ | ४० | ४५ | ५० | ५५ |

| क्रसं | सूचक | आधार वर्ष २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ५० | ५० | ५७ | ५७ | ५७ | ५७ |

## तालिका ४.१४
## शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १० | १२ | १४ | १५ | १६ | ५७ | | |
| २ | विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ५० | ५२ | ५५ | ५७ | ५७ | ५७ | | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | २२ | २५ | ३५ | ४५ | ५५ | | | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ओटा | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १ | | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ओटा | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | - | १३ | १३ | १३ | १३ | १३ | | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट | विद्यालय | - | १३ | १३ | १३ | १३ | १३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | | | | | | | | | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | जना | - | ११ | ११ | ११ | ११ | ११ | | |

## ४.८ उच्च शिक्षा

विध्यालय तहको शिक्षा पुरा गरेर त्यसभन्दा माथिल्लो तहको शिक्षा वा सिकाइ प्रदान गर्ने शैक्षिक प्रणालिलाई उच्च शिक्षा भनिन्छ । उच्च शिक्षालाई कुनै पनि देशको सबै क्षेत्र र पक्षको सन्तुलित विकासको मुख्य आधारशिलाको रुपमा लिने गरिन्छ । महाविध्यालय ,विश्वविध्यालय र अन्य प्राविधिक तथा व्यवसायिक शिक्षाहरु उच्च शिक्षा अन्तर्गत पर्दछन् । यो राज्यको औपचारिक शिक्षाको विशिष्ट र उच्चतम तह हो । प्रत्येक देशले उच्च शिक्षाको विकास र विस्तारको लागि आवश्यक नीतिगत , कानुनि , संस्थागत र अन्य व्यवस्थाहरु गरेको पाईन्छ। नेपालको वर्तमान सन्दर्भमा राज्यको तीन तहको संरचना र वदलिंदो विश्वपरिवेश अनुरुप उच्च शिक्षाको व्यवस्थापन गर्ने प्रयासहरु भईरहेको पाइन्छ।

राष्ट्रको सर्वाङ्गीण विकासमा शिक्षाले अहं भूमिका निर्वाह गर्दछ । देशमा विद्यमान स्रोत साधनको समुचित परिचालन एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको सहयोग समेत जुटाइ गुणस्तरीय शिक्षाको उज्यालो राज्यका सबै जातजाति, वर्ग र समुदायमा समान रूपमा पुयाएर सक्षम, सवल, अनुशासित, उत्पादनशील तथा दक्ष नागरिक उत्पादन गर्ने कार्य शिक्षाको क्षेत्रमा हुदै आएको देखिन्छ ।

उच्च शिक्षामा समन्वय, अनुदान वितरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण, अनुगमन तथा नियमन लगायतका कार्य गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्ने, विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउनु पने देखिन्छ ।

### ४.८.१ वर्तमान अवस्था

नेपालको वर्तमान उच्च शिक्षा प्रणालिमा वहुपक्षिय समस्या र चुनौतिहरुको कारणले राज्यले उच्च शिक्षाको क्षेत्रमा राखेको लक्ष्य र उद्देश्य हालसम्म पनि सन्तोषजनक रुपमा प्राप्त हुन सकिरहेको

छैन । राजनीतिक अस्थिरता ,स्रोत साधनको कमि-,न्युन गुणस्तर ,प्रविधिमा आएको परिवर्तन र रोजगारिको न्युन अवसरको कारणले उच्च शिक्षाको क्षेत्र व्यापक र फराकिलो भएतापनि यसको उपलब्धि र प्रभावकारिता कम रहेको देख्न सकिन्छ ।

यसको प्रत्यक्ष नकारात्मक असर देश विकास र मानवीय पुंजिको विकासमा परिरहेको र परिणामस्वरुप थप समस्या र चुनौतीहरु बढी रहेको छ । यसलाई समयमै उचितरुपमा सम्बोधन गरेर सम्वृद्ध नेपालको निर्माण गर्न सरोकारवाला सबै पक्षहरुको सार्थक सहभागिता र सहमतिमा आवश्यक र अनिवार्य नीतिगत, कानुनी, संस्थागत, कार्यप्रणालिगत र अन्य प्रयास जारि राख्नुपर्ने देखिन्छ ।

त्रिभुवन विश्वविद्यालय वा त्रिवि नेपालको सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय हुनुका साथै उच्च शिक्षाका लागि नेपालको पहिलो राष्ट्रिय शैक्षिक संस्था पनि हो । यस विश्वविद्यालयको केन्द्रीय कार्यालय कीर्तिपुर काठमाडौंमा छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत ९३१ ओटा निजी क्याम्पसले सम्बन्धन लिएका छन् ।
*फलेवास नगरपालिकामा उच्च शिक्षाको पहुँच विस्तारका लागि तीन ओटा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस सञ्चालनमा रहेका छन्। ती हुन्–*

१. **पर्वत बहुमुखी क्याम्पस**
२. **अन्नपूर्ण सामुदायिक क्याम्पस**
३. **शंकरपोखरी बहुमुखी क्याम्पस**

**पर्वत बहुमुखी क्याम्पस** पर्वत जिल्लाको सबैभन्दा पुरानो सामुदायिक क्याम्पस हो। यसले जिल्लामा उच्च शिक्षाको विकास, विस्तार तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। दक्ष, सक्षम तथा जिम्मेवार जनशक्ति उत्पादनमार्फत समाज तथा राष्ट्रको विकासमा यस क्याम्पसले महत्त्वपूर्ण योगदान पुर्‍याएको छ।

उच्च शिक्षामा स्थानीय युवाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले फलेवास क्षेत्रका स्थानीय बुद्धिजीवी, समाजसेवी तथा शिक्षाप्रेमीहरूको सक्रिय पहलमा वि.सं. २०४० साल फाल्गुन १६ गते सम्पन्न फलेवासीहरूको बृहत् भेलाले सामुदायिक क्याम्पस स्थापना गर्ने निर्णय गरेको थियो। उक्त निर्णयअनुसार वि.सं. २०४१ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी **"पर्वत बहुमुखी क्याम्पस"** नामबाट यस क्याम्पसको स्थापना भएको हो।

धवलागिरि अञ्चलकै पहिलो सामुदायिक क्याम्पसका रूपमा स्थापित यस संस्थाले स्थापना कालदेखि नै उच्च शिक्षाको पहुँच विस्तारमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको छ। तत्कालीन समयमा वरपरका अधिकांश गाउँ विकास समितिहरूमा उच्च शिक्षाको अवसर उपलब्ध नभएका कारण एस.एल.सी. उत्तीर्ण गरी वरिपरिका ३६ गाउँ विकास समितिका

विद्यार्थीहरू अध्ययनका लागि यस क्याम्पसमा आउने गर्दथे। यस ऐतिहासिक योगदानका कारण पर्वत बहुमुखी क्याम्पसलाई फलेवास क्षेत्रको शैक्षिक गौरवका रूपमा लिने गरिन्छ।

यस क्याम्पसबाट अध्ययन पूरा गरेका हजारौँ विद्यार्थीहरू हाल विद्यालय, महाविद्यालय तथा राष्ट्रका विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रका निकायहरूमा सेवा गरिरहेका छन्। वर्तमानमा महाशिला गाउँपालिका, जैमिनी नगरपालिका, कुश्मा नगरपालिका तथा फलेवास नगरपालिकाका विभिन्न क्षेत्रका साथै कुर्घा, लिमिठाना, मुडिकुवा, अर्जेवा, विनामारे, जैदी, खानीगाउँ लगायतका स्थानबाट विद्यार्थीहरू अध्ययनका लागि यस क्याम्पसमा आउने गर्दछन्।

स्थापनाकालमा व्यवस्थापन सङ्कायअन्तर्गत प्रविणता प्रमाणपत्र तह (पी.सी.एल. PCL) को पठनपाठन सञ्चालन गरिएकाले यसलाई **"पर्वत कर्मस क्याम्पस"** का नामले पनि चिनिन्थ्यो। वि.सं. २०४३ सालदेखि मानविकी तथा व्यवस्थापन सङ्कायमा पठनपाठन विस्तार गरिएको थियो। त्यसपछि वि.सं. २०५२ सालदेखि स्नातक तहमा मानविकी तथा व्यवस्थापन सङ्काय सञ्चालनमा ल्याइयो। समयको आवश्यकता अनुरूप वि.सं. २०६४ सालमा शिक्षाशास्त्र सङ्काय थप गरी शैक्षिक कार्यक्रम विस्तार गरिएको थियो। यसै क्रममा सञ्चालनमा रहेको +२ कार्यक्रम वि.सं. २०६८ सालमा श्री जनता माध्यमिक विद्यालयमा हस्तान्तरण गरिएको हो। हाल क्याम्पसमा चारवर्षे स्नातक तहका कार्यक्रमहरू मात्र सञ्चालनमा रहेका छन्।

स्थानीय स्तरमै गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराई उच्च शिक्षामा पहुँच विस्तार गर्न यस क्याम्पसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। हाल यस क्याम्पसमा जम्मा **११० जना विद्यार्थी** अध्ययनरत रहेका छन्।

उच्च शिक्षामा सबैको पहुँच होस भनी विगत ४० वर्षदेखि सञ्चालन भई आएको संस्थाले स्थापना कालदेखि ३८०० भन्दा बढी विद्यार्थीहरुलाई स्नातक तह सम्मको शिक्षा प्रदान गर्दै आएको गण्डकी प्रदेशमा पर्ने धवलागिरि अञ्चलको एक क्याम्पस हो । वि.सं. २०४१।०७।१३ गते देखि पठनपाठन सञ्चालन गरेको यस क्याम्पसले हालसम्म प्रमाणपत्र तहबाट १२७६ जनाले, २ बाट १६६ जनाले र स्नातक तहबाट ३३३ जनाले गरी जम्मा १७७५ जनाले उत्तीण गरेको अभिलेख रहेको छ । यस क्याम्पसबाट स्नातक तह र प्रमाणपत्र तह उत्तीण गरेका विद्यार्थीले स्नाकोत्तर तहमा पृथ्वीनारायण क्याम्पस, पोखरा, केन्द्रीय क्याम्पस, कीर्तिपुर लगायत अन्य क्याम्पसमा सर्वोकृष्ट नतिजा प्राप्त गरी सम्मानित भएका छन् । निजामति सेवाको अतिक्ति विगतका शिक्षक सेवा आयोगबाट पनि वार्षिक ६/७ जनाले स्थायी शिक्षण पेशामा प्रवेश गरेका छन् । यसरी पर्वत बहुमुखी क्याम्पसले चार दशकको अवधिमा कयौं गुणस्तरीय जनशक्ति उत्पादन गरी राष्ट्रलाई नै योगदान पुऱ्याएको छ ।
यस पर्वत बहुमुखी क्याम्पस फलेवास ६ पर्वतमा वी. एड. र वी.वी.एस.का चार वर्षमा तपसिल बमोजिम विद्यार्थीहरु रहेका छन।

तालिका ४.१५

विद्यार्थी विवरण

| प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष |
|---|---|---|---|
| ४३ | २७ | १४ | २६ |
| | | जम्मा विद्यार्थी | ११० |

**अन्नपूर्ण सामुदायिक क्याम्पस** वि.सं. २०६९ सालमा स्थापना भएको हो। तर, क्याम्पससँग आफ्नै जग्गा तथा भवनको व्यवस्था नभएको कारण भौतिक पूर्वाधारको अभाव रहँदै आएको छ । यस क्याम्पसले हालसम्म **शिक्षाशास्त्र (Education)** सङ्काय सञ्चालन गर्दै विशेषगरी आर्थिक रूपमा विपन्न, ग्रामीण तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्दै आएको छ। स्थानीय स्तरमै गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराई उच्च शिक्षामा पहुँच विस्तार गर्न यस क्याम्पसले महत्त्वपूर्ण भूमिका खेलेको छ। हाल यस क्याम्पसमा जम्मा ३५ जना विद्यार्थी अध्ययनरत रहेका छन्। हालसम्म यस क्याम्पसबाट करिब ९५ जना विद्यार्थीले स्नातक तह (Bachelor's Level) सफलतापूर्वक पूरा गरिसकेका छन्, तथापि, पछिल्ला तीन वर्षदेखि भर्ना हुने विद्यार्थीको संख्या अत्यन्त न्यून रहेको र नियमित अध्ययनरत विद्यार्थीहरूको संख्या पनि कम भएकाले क्याम्पसको नियमित तथा प्रभावकारी सञ्चालनमा चुनौती उत्पन्न भएको छ । यस अवस्थामा क्याम्पसको दिगोपन सुनिश्चित गर्न शैक्षिक कार्यक्रमहरूको विविधीकरण, गुणस्तर अभिवृद्धि, आवश्यक पूर्वाधार विकास तथा स्थानीय, प्रदेश र संघीय तहबाट आवश्यक सहयोग र समन्वय अपरिहार्य देखिन्छ ।

**शंकरपोखरी बहुमुखी क्याम्पस** वि.सं. २०६९ सालमा स्थापना भएको हो। स्थापना भएदेखि नै यस क्याम्पसले शिक्षाशास्त्र (Education) सङ्काय सञ्चालन गर्दै विशेषगरी आर्थिक रूपमा विपन्न, ग्रामीण तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई स्थानीय स्तरमै उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दै आएको छ। हालसम्म यस क्याम्पसबाट करिब ९० जना विद्यार्थीले स्नातक तह (Bachelor's Level) सफलतापूर्वक पूरा गरिसकेका छन्, जसले स्थानीय क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। हाल यस क्याम्पसमा जम्मा १५ जना विद्यार्थी अध्ययनरत रहेका छन्। तर, क्याम्पससँग आफ्नै जग्गा तथा भवनको व्यवस्था नभएको कारण भौतिक पूर्वाधारको अभाव रहँदै आएको छ। साथै, आर्थिक वर्ष २०८२/८३ देखि नयाँ भर्ना हुने विद्यार्थीको संख्या अत्यन्त न्यून रहेको र नियमित अध्ययनरत विद्यार्थीहरूको संख्या पनि कम भएकाले क्याम्पसको नियमित तथा प्रभावकारी सञ्चालनमा चुनौती उत्पन्न भएको छ। यस्तो अवस्थाले क्याम्पसको दीर्घकालीन दिगोपनमा समेत प्रश्न खडा गरेको छ। यस क्याम्पसलाई दीगो रूपमा सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारको विकास, आफ्नै जग्गा र भवनको व्यवस्थापन, शैक्षिक कार्यक्रमहरूको विस्तार तथा विविधीकरण, विद्यार्थी आकर्षित गर्ने कार्यक्रम

सञ्चालन, र स्थानीय, प्रदेश तथा संघीय सरकारबाट आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।

फलेवास नगरपालिकाभित्र सञ्चालित सम्बन्धन प्राप्त क्याम्पसहरूको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा विशेष जोड दिइनुका साथै सञ्चालन अनुदानको व्यवस्था गरिएको छ। नगरसभाले प्रत्येक आर्थिक वर्षमा उच्च शिक्षाको विकासका लागि आवश्यक बजेट विनियोजन गर्दै आएको छ। पर्वत जिल्लाको सबैभन्दा पुरानो क्याम्पस **पर्वत बहुमुखी क्याम्पस** को सञ्चालन तथा व्यवस्थापनका लागि **रु. १२ लाख** विनियोजन गरिएको छ। त्यसैगरी **अन्नपूर्ण सामुदायिक क्याम्पस** र **शंकरपोखरी बहुमुखी क्याम्पस** का लागि 'उच्च शिक्षामा साझेदारी कार्यक्रम' अन्तर्गत सञ्चालन खर्चबापत **रु. १० लाख** बजेट विनियोजन गरिएको छ। यसबाट नगरपालिकाले उच्च शिक्षाको गुणस्तर अभिवृद्धि, पहुँच विस्तार तथा क्याम्पसहरूको दिगो सञ्चालनमा निरन्तर सहयोग गर्दै आएको स्पष्ट हुन्छ। यस्ता प्रयासहरूबाट क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि भई स्थानीय समुदायका विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने वातावरण थप सुदृढ हुने अपेक्षा गर्न सकिन्छ।

### ४.८.२ उद्देश्य

१. उच्च शिक्षामा सर्वसुलभ, समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने।
२. उच्च शिक्षाको सान्दर्भिकता र गुणस्तर अभिवृद्धि गर्ने।
३. उच्च शिक्षाको भौतिक तथा शैक्षिक वातावरणलाई प्रविधिमैत्री, समावेशी, प्रतिस्पर्धी र अनुसन्धानमुखी बनाउने।

### ४.८.३ रणनीति

१. उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।
२. उच्च शैक्षिक संस्थाहरूको शैक्षिक गुणस्तर, शिक्षण–सिकाइ प्रक्रिया तथा शिक्षकको पेसागत विकासमा जोड दिने।
३. उच्च शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी प्रविधिमैत्री शिक्षण वातावरण विकास गर्ने।
४. विज्ञान, प्राविधिक तथा समयसापेक्ष शैक्षिक कार्यक्रम विस्तार गरी विद्यार्थी आकर्षित गर्ने तथा आवश्यक पूर्वाधार विकास गर्ने।
५. क्याम्पस प्रमुखको नेतृत्व क्षमता अभिवृद्धि गर्ने।
६. प्राविधिक तथा नयाँ शैक्षिक कार्यक्रम अध्ययन गर्ने विद्यार्थीलाई प्रयोगात्मक, व्यावहारिक तथा अनुसन्धानात्मक कार्यमा प्रोत्साहित गर्ने।
७. उच्च शैक्षिक संस्थाहरूलाई प्रकोप, सङ्कट, महामारी तथा जलवायु परिवर्तनप्रति उत्थानशील बनाउने।

### ४.८.४ अपेक्षित उपलब्धि

१. उच्च शिक्षामा सर्वसुलभ, समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

२. उच्च शिक्षाको गुणस्तर, सान्दर्भिकता तथा प्रभावकारिता अभिवृद्धि भएको हुनेछ।

३. उच्च शैक्षिक संस्थाहरू प्रविधिमैत्री, समावेशी, प्रतिस्पर्धी तथा अनुसन्धानमुखी बनेका हुनेछन्।

तालिका ४.१६

प्रमुख उपलब्धि तथा नतिजा

| क्र.स. | सूचक | आधार वर्ष २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | २०८८।८९ |
|---|---|---|---|---|---|---|---|
| १ | उच्च शिक्षामा भर्ना भएका विद्यार्थी सङ्ख्या | १६० | १८० | २०० | २२० | २२५ | २३० |
| २ | पुस्तकालय आइसीटी ल्याब प्रयोग गर्ने विद्यार्थी सङ्ख्या | ४५ | ५० | ५५ | ७५ | १०० | १५० |

तालिका ४.१७

प्रमुख क्रियाकलप र परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | | |
| १ | सामुदायिक क्याम्पस स्थापना | संख्या | ३ | ३ | ३ | ३ | ३ | | | |
| २ | सामुदायिक क्याम्पस संचालन तथा व्यवस्थापन अनुदान | संख्या | ३ | ३ | ३ | ३ | ३ | | | |




## परिचय

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय शासन प्रणालीअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने गरी पुनर्संरचना गरिएको छ । बदलिँदो सामाजिक, आर्थिक, प्राविधिक तथा प्रशासनिक परिवेशअनुसार शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी, उत्तरदायी तथा सुशासित बनाउन संस्थागत संरचना, प्रक्रिया तथा जनशक्तिको क्षमता विकास आवश्यक भएको छ । शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान–विज्ञान तथा सूचना प्रविधिको तीव्र विकास, सामाजिक चेतनामा आएको परिवर्तन तथा गुणस्तरीय शिक्षाप्रतिको बढ्दो अपेक्षालाई मध्यनजर गर्दै शिक्षा व्यवस्थापन प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाउनु अपरिहार्य देखिन्छ ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विद्यालय शिक्षासम्बन्धी विभिन्न अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । सोही व्यवस्था अनुसार स्थानीय तहले विद्यालय सञ्चालन, व्यवस्थापन, अनुगमन, शिक्षक व्यवस्थापन, स्थानीय पाठ्यक्रम विकास, शैक्षिक योजना निर्माण तथा कार्यान्वयन लगायतका कार्यहरू गर्दै आएका छन् ।

*फलेवास नगरपालिकामा शिक्षा क्षेत्रको व्यवस्थापन तथा सञ्चालनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा विद्यालय प्रशासन मुख्य संयन्त्रका रूपमा क्रियाशील रहेका छन् ।* शिक्षा, युवा तथा खेलकुद शाखाले नगरपालिकाभित्रका शैक्षिक कार्यक्रमको समन्वय, सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्दै आएको छ । विद्यालय तहमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सहभागितामूलक व्यवस्थापनलाई प्रभावकारी बनाउन विभिन्न संस्थागत संयन्त्रहरू गठन गरी परिचालन गरिएको छ ।

शिक्षा योजनामा उल्लेख भएका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता विकास अत्यावश्यक हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, अभिमुखीकरण, तालिम, अन्तरक्रिया, अनुभव आदानप्रदान तथा प्राविधिक सहयोगमार्फत संस्थागत तथा मानव स्रोत क्षमता विकास गरिनु आवश्यक छ । शिक्षाको गुणस्तर अभिवृद्धि, समावेशिता, सुशासन तथा उत्तरदायी प्रणाली विकासका लागि संस्थागत संरचना सुदृढीकरण र क्षमता विकासलाई महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनाअन्तर्गत सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा यस अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र लगायतका निकाय क्रियाशील रहेका छन् । राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग स्वायत्त निकायका रूपमा कार्यरत छन् । प्रदेश तहमा शिक्षा तालिम केन्द्र तथा स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षा प्रशासन तथा व्यवस्थापन कार्य सञ्चालन हुँदै आएको छ ।

### ५.१.२ वर्तमान अवस्था

फलेवास नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालय शिक्षा सम्बन्धी प्रशासनिक, प्राविधिक तथा व्यवस्थापकीय कार्यहरू सञ्चालन हुँदै आएका छन् । नगरपालिकामा शिक्षा क्षेत्र हेर्ने जनशक्ति सीमित रहेको तथा शिक्षा सम्बन्धी आर्थिक प्रशासनका लागि छुट्टै प्राविधिक वा लेखा कर्मचारीको पर्याप्त व्यवस्था नहुँदा अभिलेखीकरण, प्रतिवेदन तथा वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित बनाउन आवश्यक देखिएको छ ।

नगरपालिकाभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन गरिएको छ । विद्यालय व्यवस्थापन समितिहरूले विद्यालय सञ्चालन, अनुगमन, भौतिक व्यवस्थापन तथा शैक्षिक गतिविधिमा सहयोग पुऱ्याउँदै आएका छन् । अधिकांश विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको पाइए तापनि शिक्षक अभिभावक सङ्घको सक्रियता अपेक्षाकृत कम देखिन्छ । विद्यालयहरूले सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा अन्तिम लेखापरीक्षण गर्ने अभ्यासलाई क्रमशः संस्थागत गर्दै लगेका छन् ।

विद्यालयहरूमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने, अभिभावक भेला सञ्चालन गर्ने, लैङ्गिक तथा सामाजिक समावेशितालाई प्राथमिकता दिने तथा विद्यालय सुधार योजना निर्माण गर्ने कार्य हुँदै आएको छ । विद्यालय प्रशासनलाई थप पारदर्शी र जवाफदेही बनाउन सूचना प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन तथा नियमित अनुगमनलाई प्राथमिकता दिन थालिएको छ ।

फलेवास नगरपालिकाका विद्यालयहरूमा प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म शिक्षा पहुँच विस्तार भएको अवस्था छ । शिक्षामा समता, समावेशिता तथा गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आएका छन् । विद्यालय सुधार योजना, शिक्षक पेशागत विकास तालिम, विषयगत अभिमुखीकरण, अतिरिक्त क्रियाकलाप तथा सिकाइ उपलब्धि सुधार कार्यक्रम सञ्चालन भइरहेका छन् ।

यद्यपि शिक्षा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक संस्थागत क्षमता, दक्ष जनशक्ति, प्रविधिमैत्री प्रशासन तथा अन्तरनिकाय समन्वयमा अझ सुधार आवश्यक देखिन्छ । तीनै तहका सरकारबीच भूमिका स्पष्टता, समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था रहेको छ । विद्यालय अनुगमन तथा सुपरिवेक्षणलाई नियमित र नतिजामुखी बनाउनुपर्ने आवश्यकता पनि देखिएको छ ।

शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना सुदृढीकरण, मानव स्रोत विकास, सूचना व्यवस्थापन प्रणाली सुधार, वित्तीय पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया तथा सुशासन प्रवर्धनलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता फलेवास नगरपालिकामा रहेको छ ।

### ५.१.३ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
२. तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
३. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
४. जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

१.स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
२.संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
३.कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
४.स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
५.प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
६.कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख नतिजाः**

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,
२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,
३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,
४. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ ।

## तालिका ५.१
## संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | विद्यालय | ५७ | ५७ | ५७ | ५७ | ५७ | | |
| ३ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ५७ | ५७ | ५७ | ५७ | ५७ | | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ५७ | ५७ | ५७ | ५७ | ५७ | | |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | सबै | ४८ | ४८ | ४८ | ४८ | ४८ | | |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | १३ | १३ | १३ | १३ | १३ | | |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ५७ | ५७ | ५७ | ५७ | ५७ | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.२ वर्तमान अवस्थाः

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्यहरुः

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### उपलब्धिहरुः

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजाः**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### तालिका ५.२
### प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## परिच्छेद ६

# ६ लगानी र स्रोत व्यवस्थापन



## ६.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यस संवैधानिक व्यवस्था कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरिएको छ। आधारभूत तथा माध्यमिक शिक्षाका साथै प्रारम्भिक बालविकास, खुला तथा दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्र तथा औपचारिक शिक्षाबाहिर सञ्चालन हुने *टयुशन तथा कोचिङ केन्द्रहरूको नीति निर्माण, योजना तर्जुमा, सञ्चालन, नियमन र व्यवस्थापनको अधिकार स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मार्फत प्रदान गरिएको छ।* सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरूले विद्यालयमा अतिरिक्त कक्षा तथा ट्युसनका लागि वार्षिक रूपमा उल्लेख्य **रकम खर्च गर्नुपरेको** गुनासो गर्ने गरेका छन्। ट्युसन संस्कृतिले विद्यालय शिक्षाप्रतिको विश्वासमा समेत असर पारिरहेको छ। यस अवस्थालाई नियमन गर्न प्रत्येक विद्यालयमा 'अतिरिक्त कक्षा सञ्चालन कोष' स्थापना गरी विद्यार्थीबाट न्यूनतम शुल्क संकलन गर्ने तथा सो रकमबाट अतिरिक्त कक्षा सञ्चालन गर्ने शिक्षकलाई विद्यालयमार्फत पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक देखिन्छ। यसबाट शिक्षकहरूलाई समान अवसर प्राप्त हुने, अभिभावकहरूले व्यक्तिगत रूपमा महँगो ट्युसन शुल्क तिर्नुपर्ने बाध्यता कम हुने तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूले समेत अतिरिक्त सिकाइको अवसर प्राप्त गर्ने वातावरण सिर्जना हुनेछ। साथै, कुनै विषयमा विद्यार्थी संख्या कम भए पनि आवश्यकताका आधारमा अतिरिक्त कक्षा सञ्चालन गर्न सहज हुनेछ।

साथै, शैक्षिक संस्थाहरूलाई आवश्यक अनुदान उपलब्ध गराउने, लेखापरीक्षण गराउने तथा वित्तीय अनुशासन र सुशासन कायम गर्ने दायित्व पनि स्थानीय तहकै कार्यक्षेत्रभित्र पर्दछ। त्यसैले उपलब्ध सीमित स्रोत, साधन र अवसरहरूको उच्चतम उपयोग गर्दै शिक्षा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व, प्रभावकारिता र मितव्ययितालाई सुनिश्चित गर्नु आवश्यक छ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईओटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ

भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।
शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु तथा विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउनु वर्तमानका प्रमुख चुनौतीहरूका रूपमा रहेका छन् । तथापि, शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समावेश गरिनुका साथै विभिन्न तहका सरकारहरूको स्पष्ट जिम्मेवारी निर्धारण गरिनुले शिक्षा क्षेत्रमा लगानी, स्रोत परिचालन तथा समन्वयका अवसरहरू विस्तार भएका छन् । यसबाट शैक्षिक गुणस्तर सुधार, पूर्वाधार विकास, प्रविधिमैत्री शिक्षण सिकाइ तथा सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत करिब २० हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न

सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

तालिका ६.१

वित्तीय श्रोतको व्यवस्थापन

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १,८००,८००,००० | ९५.०८% | |
| २ | प्रदेश सरकार | २,२५,००,००० | १.१९% | |
| ३ | स्थानीय सरकार | ७,०७,००,००० | ३.७३% | |
| ४ | अभिभावक तथा समुदाय | विद्यालयलाई उपलब्ध हुने गरेको। | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | विद्यालयलाई उपलब्ध हुने गरेको। | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | विद्यालयलाई उपलब्ध हुने गरेको। | | |
| | **जम्मा** | **१,८९,४०,००,०००** | १००% | |

## ६.३ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच,सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।
- प्रत्येक विद्यालयमा 'अतिरिक्त कक्षा सञ्चालन कोष' स्थापना गरी विद्यार्थीबाट न्यूनतम शुल्क संकलन गर्ने तथा सो रकमबाट अतिरिक्त कक्षा सञ्चालन गर्ने शिक्षकलाई विद्यालयमार्फत पारिश्रमिक उपलब्ध गराउने व्यवस्था बनाइने।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।
- 'अतिरिक्त कक्षा सञ्चालन कोष' बाट अभिभावकहरूले व्यक्तिगत रूपमा महँगो ट्युसन शुल्क तिर्नुपर्ने बाध्यता कम हुने ।
- आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूले समेत अतिरिक्त सिकाइको अवसर प्राप्त गर्ने ।

### तालिका ६.२
### विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्रस | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु ०००० मा | | | | | | श्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २००० | २००० | २००० | २००० | २००० | १०००० | ६००० | १००० | ३००० |
| २ | आधारभत् शिक्षा | २३००० | २३००० | २३००० | २३००० | २३००० | ११५००० | ११४००० | | १००० |
| ३ | माध्यमिक शिक्षा | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | ४४५०० | | ५०० |
| ४ | उच्च शिक्षा | ३६० | ३६० | ३६० | ३६० | ३६० | १८०० | ७०० | | ११०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | २०० | | ५० |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | १६० | १६० | १६० | १६० | १६० | ८०० | ६०० | ० | २०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १८० | १८० | १८० | १८० | १८० | ९०० | ४८० | २५० | १७० |
| ८ | विद्यालय व्यवस्थापन | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | ३१०० | ० | १५० |
| ९ | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | १५०० | ० | २५० |
| १० | गुणस्तरीय सार्बजनिक शिक्षा | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २९०० | ० | १०० |
| ११ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ३९०० | ० | १०० |
| १२ | शिक्षामा सूचना प्रविधि | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | १००० | ५०० | २५० |
| १३ | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०० | ४०० | १०० |
| १३ | संस्थागत संरचना र क्षमता विकास | १३० | १३० | १३० | १३० | १३० | ६५० | ५०० | १०० | ५० |
| १४ | योजना कार्यन्वयन अनुगमन तथा मूल्यङकन समन्वय र सहजीकरणा | ५० | ५० | ५० | ५० | ५० | २५० | २०० | ० | ५० |
| | जम्मा | | | | | | **१,८९,४०,०** | **१,८००,८ ०** | २२,५० | **७,०७, ०** |

**कूल बजेट १,८९,४०,००,०००** (रु. **एक अर्ब उनान्नब्बे करोड चालीस लाख**)

**संघको** जम्मा = १,८००,८००,०००, शब्दमाः एक अर्ब असी करोड आठ लाख रुपैयाँ।

**प्रदेशको** जम्मा =२,२५,००,०००, शब्दमाः दुई करोड पच्चीस लाख रुपैयाँ।

**स्थानीय तहको** जम्मा = ७,०७,००,०००, शब्दमाः सात करोड सात लाख रुपैयाँ।




## ७.१ परिचय

यस नगरपालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र  बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ  ।

कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ  । खासगरी  नगर पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ  । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन  । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी

प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

### तालिका ७.१
### अनुगमन गर्ने निकाय, प्रकृया र जिम्मेवारी

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ इ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | अभिभावक | | | मासिक | |
| ९ | *शिक्षा तथा मानव श्रोत विकास केन्द्र* | | | वार्षिक | |
| १० | प्रदेश सामाजिक विकास मन्त्रालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित

तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
- बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७.४ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिनेछ
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ
- सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने
- कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना  गर्न मद्दत हुने
- समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने

**प्रमुख नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने
- सिकाइहरुको दस्तावेज तयार हुने

**तालिका ७.२**

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

## सन्दर्भ सामग्रीहरू


१. आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम (२०७६), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (२०८१), काठमाडौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।
३. नेपालको संविधान (२०७२), काठमाडौः नेपाल कानुन आयोग ।
४. पञ्चवर्षीय योजना (आ.व. २०८१/०८२–२०८५/०८६), काठमाडौः राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।
५. प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७–२०८८), काठमाडौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।
६. हाम्रो फलेवास, कक्षा ५ (२०८१), पोखराः आदर्श प्रेस ।
७. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
८. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित), काठमाडौंः नेपाल कानुन आयोग ।
९. शिक्षा क्षेत्र योजना (२०२१–२०३०) (२०७७), काठमाडौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।
१०. शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा (२०७७), काठमाडौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।
११. शिक्षा सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरू, काठमाडौः नेपाल सरकार ।
१२. शैक्षिक सूचना (२०८१), काठमाडौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।
१३. दिगो विकास लक्ष्यहरू (२०१६–२०३०): वर्तमान अवस्था र भावी मार्गचित्र काठमाडौः राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।
१४. राष्ट्रिय शिक्षा नीति (२०७६), काठमाडौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।
१५. स्थानीय सरकार सञ्चालन ऐन (२०७४), काठमाडौः नेपाल कानुन आयोग ।
१६. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन (२०७९), काठमाडौः शिक्षा मन्त्रालय, नेपाल सरकार ।
१७. स्थानीय तहको शिक्षा योजना निर्माण स्रोतपुस्तिका (२०२५), काठमाडौः युनेसको ।
१८. शर्मा, लाल प्रसाद र सुवेदी, कल्पना शर्मा (२००८), शिक्षा र विकास, काठमाडौः एड्भान्स सरस्वती प्रकाशन प्रा.लि. ।
१९. शर्मा, लाल प्रसाद (२०७९), कक्षा शिक्षण, काठमाडौः एड्भान्स सरस्वती प्रकाशन ।
२०. आ.ब. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट (२०८३), फलेवास नगरपालिकाका ।

# अनुसूचीहरु

## अनुसूची–१

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग र फलेवास नगरपालिकाको समन्वयमा फलेवास नगरपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक, क्याम्पस प्रमुख, शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग शैक्षिक गुणस्तर सुधार, विद्यालय व्यवस्थापन र सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी अन्तरक्रिया कार्यक्रममा

शिक्षा सुधारका लागि प्रस्तावित कार्यक्रमहरू

१. पालिकाभित्रका विद्यालयहरूको समग्र शैक्षिक अवस्था, सिकाइ उपलब्धि तथा शैक्षिक सूचकहरूको नियमित अध्ययन, अनुगमन र विश्लेषण गर्ने।

२. कक्षा ५, ८, १० (एसईई) र १२ का वार्षिक परीक्षाफलको विस्तृत विश्लेषण गरी सुधारका लागि आवश्यक कार्ययोजना तयार गर्ने।

३. कुनै पनि विद्यार्थी Non-grade हुने अवस्थालाई न्यूनिकरण गर्न विशेष सहयोगात्मक कार्यक्रम, पुनःसिकाइ तथा उपचारात्मक (Remedial) कक्षाहरू सञ्चालन गर्ने।

४. कक्षा १० का सबै विषयमा अतिरिक्त सिकाइ कक्षाहरू सञ्चालन गरी विद्यार्थीको शैक्षिक उपलब्धि अभिवृद्धि गर्ने।

५. आधारभूत तह (कक्षा १–५) का शिक्षकहरूलाई नवप्रवर्तनशील शिक्षण विधि, सिकाइ मूल्याङ्कन तथा कक्षाकोठा व्यवस्थापनसम्बन्धी तालिम प्रदान गर्ने।

६. फलेवास नगरपालिकाको भौगोलिक तथा शैक्षिक परिवेशसँग मिल्दोजुल्दो उत्कृष्ट अभ्यास भएका विद्यालयहरूको शैक्षिक भ्रमण गरी असल अभ्यासहरूको आदान–प्रदान गर्ने।

७. परीक्षा प्रणालीमा एकरूपता, निष्पक्षता, विश्वसनीयता तथा वैधता कायम गर्न आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने तथा आधारभूत तहका परीक्षाहरूमा नगरपालिकाको नियमित अनुगमन र सहभागिता सुनिश्चित गर्ने।

८. भौगोलिक रूपमा विकट, अभिभावकको शैक्षिक स्तर न्यून तथा सिकाइ उपलब्धि कमजोर भएका विद्यालयहरूका लागि विशेष सहुलियत तथा लक्षित शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्ने।

९. उत्कृष्ट नतिजा हासिल गर्ने विषय शिक्षक, प्रधानाध्यापक तथा विद्यालयहरूलाई सम्मान, प्रोत्साहन तथा असल अभ्यास साझेदारी कार्यक्रममार्फत प्रेरित गर्ने।

१०. एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने उद्देश्यले विशेष शैक्षिक अभियान सञ्चालन गरी बढीभन्दा बढी विद्यार्थीलाई ४.० **GPA** प्राप्त गर्न सक्षम बनाउने वातावरण सिर्जना गर्ने। यसका लागि विषयगत कोचिङ कक्षा, नमुना परीक्षा, व्यक्तिगत परामर्श, कमजोर विद्यार्थीका लागि अतिरिक्त सहयोग तथा उत्कृष्ट शिक्षकहरूको परिचालन गर्ने।

११. विषयगत दक्ष शिक्षकहरूको समूह गठन गरी कमजोर नतिजा भएका विद्यालयहरूमा मेन्टरिङ, कोचिङ तथा शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्ने।

१२. विद्यार्थी, शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिबीच नियमित अन्तरक्रिया गरी सिकाइ सुधारका साझा प्रतिबद्धता र उत्तरदायित्वको विकास गर्ने।

# अनुसूची–२

**दिगो विकासका १७ लक्ष्यहरू**

१) सबै ठाउँबाट सबै किसिमका गरिबीको अन्त्य गर्ने,

२) भोकमरीको अन्त्य गर्ने,

३) सबैलाई स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने,

४) सबैलाई समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने,

५) लैङ्गिक समानता हासिल गर्ने,

६) सबैका लागि स्वच्छ पानीको सुनिश्चिता गर्ने,

(७) उर्जामा पहुँचको सुनिश्चितता गर्ने,

८) दिगो आर्थिक वृद्धि, रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने,

९) पूर्वाधार तथा दिगो औद्योगीकरणको प्रवर्धन गर्ने,

१०) मुलुकभित्र तथा मुलुकहरू बीचको असमानता हटाउने,

११) मानव बसोबासलाई समावेशी, सुरक्षित र दिगो बनाउने,

१२) उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने,

१३) जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने,

१४) महासागर, समुद्र र समुद्री स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने

१५) पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने,

१६) जवाफदेही, न्याय तथा शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने र

१७) विश्वव्यापी साझेदारी सशक्त बनाउने।

# अनुसूची–३

**दिगो विकास** लक्ष्य ४– समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

दिगो विकासको यस लक्ष्य अन्तर्गत :

क) सन् २०३० सम्ममा सबै छात्र छात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरू (Adults) को सङ्ख्या वृद्धि गर्ने र

ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्तावित गरिएका छन्।

# अनुसूची–४

## सूचक गणना सूत्रको तालिका

| क्र.सं. | सूचक | गणना सूत्र |
|---|---|---|
| १ | प्रारम्भिकबालविकास तथा शिक्षामा कूल भर्ना दर (GER) | (प्रारम्भिकबालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिका / आधिकारिक उमेर समूहका कुलबालबालिका)x१०० |
| २ | प्रारम्भिक बालविकासको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | (ECD अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका / कक्षा १ मा नयाँ भर्ना भएकाकुल बालबालिका)x१०० |
| ३ | खुदप्रवेश दर (NIR) | (आधिकारिकउमेरमा कक्षा १ मा पहिलो पटक भर्ना भएका बालबालिका / सोही उमेर समूहको कुलजनसंख्या)x१०० |
| ४ | कूलप्रवेश दर (GIR) | (कक्षा१ मा पहिलो पटक भर्ना भएका सबै उमेरका बालबालिका / आधिकारिक प्रवेश उमेरका कुलबालबालिका) x१०० |
| ५ | खुदभर्ना दर (NER) | (आधिकारिकउमेर समूहका भर्ना भएका विद्यार्थी / सोही उमेर समूहको कुल जनसंख्या) x१०० |
| ६ | कूलभर्ना दर (GER) | (सम्बन्धिततहमा भर्ना भएका सबै उमेरका विद्यार्थी / आधिकारिक उमेर समूहको कुल जनसंख्या) x१०० |
| ७ | खुदपहुँच दर | (आधिकारिकउमेरमा अन्तिम कक्षामा पुगेका विद्यार्थी / सोही उमेर समूहको कुल जनसंख्या) x१०० |
| ८ | कूलपहुँच दर | (सबैउमेरका अन्तिम कक्षामा पुगेका विद्यार्थी / आधिकारिक उमेर समूहको कुल जनसंख्या) x१०० |
| ९ | टिकाउदर (Survival Rate) | (प्रारम्भिककक्षामा भर्ना भएका मध्ये अन्तिम कक्षासम्म पुगेका विद्यार्थी / प्रारम्भिककक्षामा भर्ना भएका विद्यार्थी) x१०० |
| १० | पूरागर्ने दर (Completion Rate) | (सम्बन्धिततहको अन्तिम कक्षा सफलतापूर्वक पूरा गर्ने विद्यार्थी / आधिकारिक पूरा गर्नेउमेर समूहको कुल जनसंख्या) x१०० |
| ११ | उमेरभन्दामाथिका विद्यार्थी (%) | (आधिकारिकउमेरभन्दा बढी उमेरका विद्यार्थी / कुल भर्ना भएका विद्यार्थी) x१०० |
| १२ | लैङ्गिकसमता सूचक (Gender Parity Index - GPI) | बालिकाकोसूचक / बालकको सूचक |
| १३ | विद्यालय बाहिर रहेका बालबालिका (%) | (विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिका / विद्यालय उमेरका कुल बालबालिका)x१०० |
| १४ | महिलाशिक्षक प्रतिशत | (महिलाशिक्षक संख्या / कुल शिक्षक संख्या)x१०० |
| १५ | ट्रान्जिसनदर (Transition Rate) | (तल्लोतह पूरा गरी माथिल्लो तहको पहिलो कक्षामा भर्ना भएका विद्यार्थी / तल्लो तह पूरागरेका विद्यार्थी)x१०० |

| | | |
|---|---|---|
| १६ | कक्षा१ बाट कक्षा १० पुग्ने दर | (कक्षा१ मा भर्ना भएका मध्ये कक्षा १० पुगेका विद्यार्थी / कक्षा १ मा भर्ना भएकाविद्यार्थी)×१०० |
| १७ | कक्षा१ बाट कक्षा १२ पुग्ने दर | (कक्षा१ मा भर्ना भएका मध्ये कक्षा १२ पुगेका विद्यार्थी / कक्षा १ मा भर्ना भएकाविद्यार्थी)×१०० |
| १८ | साक्षरतादर | (पढ्नर लेख्न सक्ने सम्बन्धित उमेर समूहका व्यक्ति / सोही उमेर समूहको कुल जनसंख्या)×१०० |
| १९ | साक्षरतामालैङ्गिक समता | महिलासाक्षरता दर / पुरुष साक्षरता दर |
| २० | विद्यार्थी-शिक्षकअनुपात (PTR) | कुलविद्यार्थी संख्या / कुल शिक्षक संख्या |
| २१ | बालबालिका-सहजकर्ताअनुपात | बालविकास केन्द्रका कुल बालबालिका / कुल सहजकर्ता संख्या |

## अनुसूची–५

## संक्षिप्त शब्दहरूको सूची

**CEHRD :** Center for Education and Human Resource Development

**DLC** : Digital Learning Center

**EMIS :** Education Management Information System

**GESI** : Gender Equality and Social Inclusion

**GPA** : Grade Point Average

**ICT** : Information and Communication Technology

**IEMIS :** Integrated Education Management Information System

**MEC** : Minimum Enabling Conditions for Learning

**MEP** : Municipal Education Plan

**MTEF** : Medium- Term Expenditure Framework

**PCL** : Proficiency Certificate Level

**PMEC** : Priority Minimum Enabling Conditions

**SDG** : Sustainable Development Goals

**SEE** : Secondary Education Exmination

**SESP** : School Education Sector Plan

**SIP** : School Improvement Plan

**SWOT** : Strengths, Weaknesses, Opportunities and Threats

**VEP** : Village Education Plan

दि.वि.ल. = दिगो विकास लक्ष्य

ने.रा.का. = नेपाल राष्ट्रिय कार्यढाँचा

रा.समीक्षा = राष्ट्रिय समीक्षा

## अनुसूची–६

फलेवास नगरपालि अन्तर्गतका वडाका उच्चतम विद्यालयहरु

| | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | अन्नपूर्ण मा.वि. | फलेवास न.पा. -१ कार्कीनेटा |
| २ | थापाठाना मा.वि. | फलेवास न.पा.-२ थापाठाना |
| ३ | त्रिभुवन मा.वि. | फलेवास न.पा.-३ शंकरपोखरी |
| ४ | माटेदेवल जनसहयोगी (प्रा.तथा व्या.) मा.वि. | फलेवास न.पा. -४ मुडिकुवा |
| ५ | भवानी विद्यापीठ मा.वि | फलेवास न.पा.-५ खानीगाउँ |
| ६ | जनता मा.वि. | फलेवास न.पा.-६ देवीस्थान |
| ७ | लिमिठाना मा.वि. | फलेवास न.पा. -७ लिमिठाना |
| ८ | जनज्योति मा.वि | फलेवास न.पा. -८ ठानामौला |
| ९ | ग्रामोदय मा.वि. | फलेवास न.पा. -९ भंगरा |
| १० | शारदा मा.वि. | फलेवास न.पा. -१० कुर्घा |
| ११ | सिद्ध मा.वि. | फलेवास न.पा. -११ पाङराङ |
| १२ | श्री जनसहयोगि नि.मा.वि. | फलेवास न.पा.-३ शंकरपोखरी |
| १३ | श्री जनसहयोगि मा.वि. | फलेवास न.पा.-३ शंकरपोखरी |
| १४ | फलेवास मोडल अंग्रजी वोर्डिङ स्कुल | फलेवास न.पा.-६ देवीस्थान |

## अनुसूची–६

फलेवास नगरपालिका अन्तर्गतका वडाका निं. मा. विद्यालयहरु

| | | |
|---|---|---|
| १ | श्री भुमे आ.वि. थापाठाना | निमा |
| २ | श्री जनजागृत आ. वि.थापाठाना | निमा |
| ३ | श्री जनसहयोगि नि.मा.वि. शंकरपोखरी | निमा |
| ४ | श्री शारदा नि.मा.वि. मुडिकुवा | निमा |
| ५ | श्री गहते अम्बोट नि.मा.वि. मुडिकुवा | निमा |
| ६ | श्री जनता नि.मा.वि. खानीगाउं | निमा |
| ७ | श्री लिमिउल्लेरी नि.मा.वि. भंगरा | निमा |
| ८ | श्री सरस्वति आ.वि. कुर्घा | निमा |

# अनुसूची–७

## फलेवास नगरपालिका अन्तर्गतका वडाका प्राथमिक विद्यालयहरु

| | विद्यालयको नाम ठेगाना | |
|---|---|---|
| १ | श्री देउराली प्रा.वि. कार्कीनेटा | प्रा. |
| २ | श्री सरस्वति प्रा.वि. कार्कीनेटा | प्रा. |
| ३ | श्री वालज्योति प्रा.वि. शंकरपोखरी | प्रा. |
| ४ | श्री जनसेवा प्रा.वि. शंकरपोखरी | प्रा. |
| ५ | श्री महादेब प्रावि. शंकरपोखरी | प्रा. |
| ६ | श्री बाल प्रा.वि. मुडिकुवा | प्रा. |
| ७ | श्री जनप्रिय प्रा.वि. खानिगाउ | प्रा. |
| ८ | श्री शिशुनिकेतन प्रा.वि. देविस्थान | प्रा. |
| ९ | श्री देबिस्थान प्रा.वि. देबिस्थान | प्रा. |
| १० | श्री चन्दनी प्रा.वि. देबिस्थान | प्रा. |
| ११ | श्री माझिगाउ प्रा.वि. देबिस्थान | प्रा. |
| १२ | श्री कालिका प्रा.वि. देविस्थान | प्रा. |
| १३ | श्री सुर्योदय प्रा.वि. लिमिठाना | प्रा. |
| १४ | श्री जनता प्रा.वि.लिमिठाना | प्रा. |
| १५ | श्री तिन धारे प्रा.वि. ठानामौला | प्रा. |
| १६ | श्री सरस्वती प्रा.वि.ठानामौला | प्रा. |
| १७ | श्री शिशुकल्याण प्रा.वि. ठानामौला | प्रा. |
| १८ | श्री शारदा प्रा.वि. भंगरा | प्रा. |
| १९ | श्री देउरालि प्रा.वि. भंगरा | प्रा. |
| २० | श्री भवानी प्रा.वि.भंगरा | प्रा. |
| २१ | श्री महेन्द्रोदय प्रा.वि. कुर्घा | प्रा. |
| २२ | श्री कृष्ण प्रा.वि. कुर्घा | प्रा. |
| २३ | श्री बालविद्याश्रम प्रा.वि. कुर्घा | प्रा. |
| २४ | श्री चण्डी जनकल्याण प्रा.वि. पाङराङ | प्रा. |
| २५ | श्री ज्ञानज्योति प्रा.वि. पाङराङ | प्रा. |
| २६ | श्री नारायणस्थान प्रा.वि. पाङराङ | प्रा. |

| | | |
|---|---|---|
| २७ | श्री अम्डी प्रा.वि. पाङराङ | प्रा. |
| २८ | श्री कर्नास प्रा.वि. पाङराङ | प्रा. |

## अनुसूची–८
## नगर शिक्षा योजना निर्माण कार्य





अनुसूची–९


## नगर शिक्षा निर्माण सम्बन्धी नगर कार्यपालिका बैठकको निर्णय (माइन्युट)



[illegible]


उपस्थिति:


| क्र.सं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री [illegible] | [illegible] |
| २ | उपप्रमुख | श्री [illegible] | |
| ३ | सचिव | श्री [illegible] | [illegible] |
| ४ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| ५ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| ६ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| ७ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| ८ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| ९ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| १० | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| ११ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| १२ | वडाध्यक्ष | श्री [illegible] | |
| १३ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| १४ | वडाध्यक्ष | श्री [illegible] | [illegible] |
| १५ | कार्यपालिका सदस्य | श्री [illegible] | [illegible] |
| १६ | कार्यपालिका सदस्य | श्री [illegible] | [illegible] |
| १७ | कार्यपालिका सदस्य | श्री [illegible] | [illegible] |
| १८ | कार्यपालिका सदस्य | श्री [illegible] | |
| १९ | कार्यपालिका सदस्य | श्री [illegible] | [illegible] |
| २० | कार्यपालिका सदस्य | श्री [illegible] | [illegible] |
| २१ | कार्यपालिका सदस्य | श्री [illegible] | |
| २२ | कार्यपालिका सदस्य | श्री [illegible] | [illegible] |
| २३ | का.वा. वडाध्यक्ष | श्री [illegible] | [illegible] |



## अनुसूची–१०

### नगरसभाबाट नगर शिक्षा योजना पारित सम्बन्धमा निर्णय (माइन्युट)





फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, पर्वत

निर्णयहरू:

**धन्यवाद**